महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सुरुङ्गा नगरपालिका

सप्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
सुरुङ्गा नगरपालिका
सप्तरी



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सुरुङ्गा नगरपालिका

सप्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना,

कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं.०२५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू ,
सुरुङ्गा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सप्तरी ।

कैफियत सहितको राय

हामीले यस सुरुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ६२ लाख ८७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ३३ लाख ७७ हजार फस्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २२ लाख ५५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६६ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु १ करोड ४० लाख २ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड ५८ लाख ६४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १२ करोड ८७ लाख ७४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

सुरुङ्गा नगरपालिका, सप्तरी

1. चालु वर्षको बेरुजु २०७८।७९

1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्छ्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३८	१३१	३६२८७	०	१२	३३७७	३८	११९	३२९१०	२२५५	१४००२	१६६५३			३०६५५	०

1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	१२.१	भौलेनाथ निर्माण सेवाको धरौटीफिर्ता गर्दाको करसमायोजनको प्रमाण पेश भएको	१०१६०००
२	१६.१	शुभप्रभात एण्ड प्रतिभा निर्माणसेवावाट आय ठेक्काको वक्यौता रकम असुल भएको	२३१५१४८
३	२०.२	मापदण्डभन्दावढी भत्ता असुल	३८२५
४	२०.२	गणक अभिमूखिकरणमा सहजिकरणवापत लिएको भत्ता असुल भएको	३८२५
५	२०.२	लिजा प्रशिक्षणवापत लिएको भत्ता असुल भएको	१०२००
६	२२.१	भुमि व्यवस्था सम्वन्धि तालिममा लिएको प्रशिक्षण भत्ता असुल भएको	४२५०
७	२२.२	हरवाचरुवाका लागि हक अधिकार तथा जिविकोपार्जन सम्वन्धि अभिमुखिकरण कार्यक्रमवापतको भत्ता असुल भएको	५१००
८	२२.२	पुर्ण सरसफाई तथा आनिवानि परिवर्तन सम्वन्धि कार्यक्रममा लिएको भत्ता असुल भएको	५१००
९	२२.२	सहतकर्तावापतको लिएको भत्ता असुल भएको	१७००
१०	२२.२	हरवाचरुवाका लागि हक अधिकार तथा जिविकोपार्जन कार्यक्रममा लिएको भत्ता असुल भएको	५१००
११	२२.२	पुर्ण सरसफाई तथा आनिवानि परिवर्तन सम्वन्धि कार्यक्रमको भत्ता असुल भएको	५१००
१२	२२.२	सहजकर्ता उल्लेख गरि लिएको प्रशिक्षण भत्ता असुल भएको	२१२५
		जम्मा	३३७७४७३

2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फर्छ्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुरुङ्गा नगरपालिका सप्तरी	९५८६४	०	०	९५८६४	०	३२९१०	१२८७७४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सुरुङ्गा नगरपालिका, सप्तरी , सुरुगां नगरपालिका , सप्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	gajendranath sharma	२०७७-१२-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	sitaram karki	२०७६-९-१०	हाल सम्म कार्यरत
		बेरुजु रकम	३२,९०९,६५७.३७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,८७,४९,९६३.८५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४३,६७,७३,०००	**चालु खर्च**	६१,२८,३५,९८९
प्रदेश सरकारबाट अनुदान	२,७२,०३,०००	**पूँजीगत खर्च**	१५,११,०८,८६३
राजश्व बाँडफाँट	११,१७,९८,१००	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	१,३५,११,१७५		
अन्य आय	२२,८०,३१,७४९		
कुल आय	८१,७३,१७,०२४	**कुल खर्च**	७६,३९,४४,८५२
बाँकी मौज्दात		१२,२१,२२,१३६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गदै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिका कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुरुङ्गा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्ददेश्य रहेको छ । यस सुरुङ्गा नगरपालिकाका अन्तर्गत ११ वडा ५९ सभा सदस्य, १०७.०४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४४ हजार २ सय २१ जनसंख्या रहेको छ ।	
२			**छलफल** उल्लेखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना इकाईगत लेखापरीक्षण योजना व्यवस्थापन प्रतिनिधित्व पत्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणसमेतलाई आधारमानी सम्पन्न गरिएको छ।लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र श्रोत सुचनाको पहुचमा हुने सिमिता कम समयमा धैरै कार्यको लेखापरीक्षण गर्नुपर्ने विधमान अवस्था प्राविधिक ज्ञानको सीमितता कारोवारको जटिलता जस्ता कारणले सम्पुर्ण कारोवारको कानुनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन। लेखापरीक्षण ऐन २०७५ लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शतको आधारमा समेत नमुना छनोटगरी लेखापरीक्षण सम्पन्न गर्न सक्ने आधार एवम कार्यालयले कार्यालयले निर्क्योलगरी जोखिममा आधारित रही स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।सारभुत रुपमा उल्लेखनिय नदेखिएको व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।लेखापरीक्षणवाट देखिएको व्यहोरा उपर व्यवस्थापन पक्षसंग छलफलगरी प्रतिवेदन जारी गरिएको छ।	
३			**लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा रू ३७०००।० असुल भै नगरपालिकाको खातामा दाखिला भएको छ ।	
४			**एकिकृत आर्थिक विवरण** नगरपालिकाले पेश गरेको आर्थिक वर्ष २०७८।०७९ को एकिकृत आर्थिक विवरण देहाय वमोजिम छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

आ.व. २०७८।०७९ एकीकृत आर्थिक विवरण

सि.नं.	आय तर्फ	रकम	सि.नं.	व्यय तर्फ	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	
क.	बैंङ्क	५९१४४८६६	क.	सुरुङ्गा नगर कार्यपालिका चालु	१२७५१४९६१
ख.	धरौटी	६११९७६१	ख.	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु	२३९००२३७२
ग.	विविध कोष खाता	१४२९८०९	२	पुँजिगत खर्च	
घ.	विविध खर्च खाता	९३८७१९	क.	नगर पालिका पूंजीगत	१११३११४५४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			ङ	प्रकोप व्यवस्थापन कोष	१११६८०८	ख.	संघीय सरकारबाट हस्तान्तरित पूंजीगत	१२६११३९०	
			च.	विभाज्य कोष खाता	०	ग.	प्रदेश सरकारबाट हस्तान्तरित पूंजीगत	७९८६०१९	
			२	संघ अनुदान		३	विषयगत निकासा खर्च		
			क.	वितिय समानिकरण	१४१००००००	क.	सामाजिक सुरक्षा तथा संरक्षण	१७८५४०६७५	
			ख.	शशर्त अनुदान	२९५७७३०००	ख.	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१९२०००००	
			३	प्रदेश अनुदान		4	धरौटी		
			क.	वितिय समानिकरण	९७०३०००	क.	धरौटी फिर्ता	८३२०५६२	
			ख.	शशर्त अनुदान	१२५०००००	ख.	धरौटी सदरस्याहा	०	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग.</td><td>विशेष अनुदान</td><td>३००००००</td><td>5</td><td>विविध कोष खाता</td><td>६१६८५४८</td></tr>
<tr><td>घ.</td><td>समपुरक अनुदान</td><td>२००००००</td><td>6</td><td>प्रकोप व्यवस्थापन कोष खर्च</td><td>१२२८८१८</td></tr>
<tr><td>४</td><td>राजश्व बाँडफाँड</td><td></td><td>7</td><td>दहत्तर बहत्तर</td><td></td></tr>
<tr><td>क.</td><td>संघ</td><td>९९७३३६६९</td><td></td><td>प्रदेश सरकारलाइ ट्रान्सफर</td><td>३८६३७४०</td></tr>
<tr><td>ख.</td><td>प्रदेश</td><td>१२०६४४३१</td><td>8</td><td>विविध खर्च खाता</td><td>१६९८४४३</td></tr>
<tr><td>५</td><td>आन्तरिक आय</td><td>१३५१११७५</td><td>9</td><td>चेक नसाटीएको</td><td></td></tr>
<tr><td>6.</td><td>विषयगत निकासा आम्दानी</td><td></td><td>क.</td><td>चालु खर्च खाता</td><td>-४२९४०</td></tr>
<tr><td>क.</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>१७८५४०६७५</td><td>ख.</td><td>मर्मत सम्भार कोष</td><td>-६८५९८</td></tr>
<tr><td>ख.</td><td>एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>१९२०००००</td><td>10</td><td>फिर्ता रकम</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

७	दहत्तर बहत्तर आम्दानी	९६५९३५२	क.	संघिय शसर्त	४४१५९२३८
८	धरौटी आम्दानी	९६०५७२४	ख.	प्रदेश शसर्त	१२३३६६४
९	अन्य आइटी	३८८०००	ग.	प्रदेश समपुरक	१५०१८६
१०	प्रकोप व्यवस्थापन कोष		घ.	प्रदेश विशेष	१०६६३२१
क.	खर्च खाताबाट ट्रान्सफर	१५०००००	11	मौज्दात	
११	विविध कोष खाता		क.	सँचितकोष	१०९५७८१४९
क.	मर्मत संभार कोष	३९०००००	ख.	चालु	४२९४०
ख.	कर्मचारी कल्याण कोष(खर्च खाताबाट ट्रान्सफर)	२१५००००	ग.	पुँजिगत	०
१२	विविध खर्च खाता		घ.	आन्तरीक राजश्व	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क.</td><td>आइटी अफिसर</td><td>३८८०००</td><td>ङ</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>१३८७९९०</td></tr>
<tr><td>ख.</td><td>सडक बोर्ड</td><td>२६९९९९८</td><td>च.</td><td>विविध खर्च खाता</td><td>२३२८२७५</td></tr>
<tr><td></td><td></td><td></td><td>छ.</td><td>विविध कोष खाता</td><td>१३७९८५९</td></tr>
<tr><td></td><td></td><td></td><td>ज.</td><td>धरौटी</td><td>७४०४९२३</td></tr>
<tr><td></td><td></td><td></td><td>झ.</td><td>विभिज्यकोष खाता</td><td>०</td></tr>
<tr><td></td><td></td><td></td><td>ञ.</td><td>राजश्व बाँडफाँड</td><td>०</td></tr>
<tr><td></td><td></td><td></td><td>ट.</td><td>आन्तरीक अनुदान खाता</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८८६०६६९८८</td><td></td><td>जम्मा</td><td>८८६०६६९८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आर्थिक विवरण वितिय विवरण परीक्षणःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गते देखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

क. नगरपालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ख. स्थानिय तहले विभिन्न श्रोतबाट आम्दानी भएको रकम तथा संचितकोषबाट चालु, पुँजिगत लगायत विभिन्न खातामा स्थानान्तरण गरेको रकम बास्तविक आम्दानी र स्थानान्तरण बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रमा आम्दानी बाँधिएको रकम सँग संचितकोष, चालु, पुँजिगतको बैंक विवरण भिडान गर्दा अधिकांश फरक पर्न गएको देखिन्छ । अनुदान निकासा बमोजिमनै सुत्रमा प्रविष्ट गर्नुपर्नेमा सो गरेको पाइएन । ग. सुत्र र एकिकृत आर्थिक विवरणमा फरक पर्नुको कारणको सम्वन्धमा वित्तिय विवरणमा कुनै खुलासा गरेको छैन । कार्यालयले पेश गरेको एकीकृत आर्थिक विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरीएको छ । घ.नगरपालिकाले आफ्नो सम्पुर्ण कारोवार शुत्र मार्फत गर्नुपर्नेमा कतिपय कारोवार शुत्र मार्फत गरेको छैन ।पालिकाले धरौटीको कारोवार र विविध खर्चको कारोवार सुत्र मार्फत गरेको छैन यसले गर्दा शुत्रले देखाएको आम्दानी खर्च यथार्थपरक देखिएन ।नेपाल सरकारले तोके बमोजिम सवै कारोवार शुत्र मार्फत संचालन गर्नुपर्दछ । ङ.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । च. बैंक हिसाब मिलान स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीयतहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीयतहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ता र वैकस्टेटमेन्टको मौज्दात फरक पर्न गएको छ । बैंक हिसाब मिलान विवरण तयार गरी फरक हिसाव यकिन गनुपर्दछ ।	
६			**आर्थिक कारोवारको लेखांकनः** आर्थिक कारोबारको लेखाङ्कनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । गाँउपालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>अनुदान फिर्ता सघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण अनुदान वाहेकको अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरणको आधारमा २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा संघिय सर्शततर्फ रु ४ करोड ४१ लाख ५९ हजार २३७ मिति २०७९।०३।३२ माफिर्ता गरेपनि मधेश प्रदेशतर्फ रु ७० लाख ६३ हजार ८१० मस्यौदा प्रतिवेदन पेश भएपस्चातमात्र २०७९।०७।२४ गते फिर्ता गरेको राजस्व व्यवस्थापन सुचना प्रणालीवाट सृजित भौचर नेम्समा अपलोड गरेको छ।अनुदान फिर्ता गर्नु पर्ने रकम समयमै फिर्ता गरिनु पर्दछ।
<table>
<tr><th>शिर्षक</th><th>अनुदान रकम</th><th>खर्च रकम</th><th>फिर्ता हुनुपर्ने</th><th>फिर्ता</th></tr>
<tr><td>प्रदेश सशर्त</td><td>१२५०००००.</td><td>६८५६०७७.</td><td>५६४३९२३.</td><td>१२३३६६४.</td></tr>
<tr><td>प्रदेश विशेष</td><td>३००००००.</td><td>११२९९४२.</td><td>१८७००५८.</td><td>१०६६३२१.</td></tr>
<tr><td>प्रदेश समपुरक</td><td>२००००००.</td><td>०.</td><td>२००००००.</td><td>१५०१८६.</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>जम्मा</td><td>१७५००००००.</td><td>७९८६०१९.</td><td>९५१३९८१.</td><td></td></tr>
<tr><td>संघिय सशर्त</td><td>२९५७७३०००.</td><td>२५१६१३७६२.४५</td><td>४४१५९२३७.५५</td><td>४४१५९२३७.५५</td></tr>
<tr><td>जम्मा</td><td>२९५७७३०००.</td><td>२५१६१३७६२.४५</td><td>४४१५९२३७.५५</td><td>४४१५९२३७.५५</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>अति विपन्न परिवार नगद हस्तान्तरणः कोभिड १९ महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ३ मा नगद प्राप्त गर्ने लाभग्राही कस्तो प्रकारको हुनुपर्ने भन्ने व्यवस्था छ भने दफा ४ मा स्थानिय तहको कार्यपालिकाले पर्न आएका निवेदन उपर प्राथमिकता अनुसार छनौट गर्नुपर्ने व्यवस्था छ । दफा ६ मा प्राप्त निवेदन उपर निवेदक योग्य देखिएमा संम्वन्धित वडा अध्यक्षले सोही व्यहोरा खोली सम्बन्धित स्थानिय तहलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ भने दफा ८ मा उपमेयरको संयोजकत्वमा लाभग्राहीको स्थलगत अनुगमन गर्ने समितिको व्यावस्था छ । उक्त कानुनी व्यवस्था अनुसार वडा कार्यालयले निर्णय गरी सिफारिस गरेको छैन भने कार्यपालीकाले ११६५ जनालाई रु १००००।० दरले रु ११६३००००।० संम्वन्धित लाभग्राहीको खातामा पठाएको देखिन्छ । सोको छनोट गर्दा कार्यविधि अनुसार नपाउनुपर्नेले पाउन सक्ने र पाउनुपर्नेले नपाउन सक्ने Criteria अनुसार वडा र कार्यपालिकाले छनौट गरेको छैन । तसर्थ निवेदन दिने व्यक्तिको अनुगमन नगरिएको र छनौट विधि विना रकम वाडफाड गरेको हुँदा पाउनुपर्ने व्यक्तिले नै पाएका छन भन्न सकिने स्थिती छैन ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>थप सुविधाः वित्तिय समानीकरण अनुदानवाट विकास निर्माण लगायतका कार्यमा दिएको अनुदान रकमबाट कर्मचारी प्रोत्साहन वापत खर्च लेख्न मिल्ने व्यवस्था छैन । पालिकाको यस वर्ष रु १३५१११७५।० मात्र आन्तरिक आय भएकोमा ५ जना प्राविधिक कर्मचारीलाई ५ महिनाको प्रती कर्मचारी रु १००००।० का दरले रु २५००००।० प्रोत्साहन खर्च लेखेको छ । उक्त रकम अतिरिक्त व्ययभार परेको देखिएकोले आन्तरिक आयवाट खर्च लेखेको देखाएतापनि सभाको निणर्य वेगर यस्तो खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ एंव आर्थिक ऐन, २०७८ बमोजिम प्रत्येक</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक वर्षको अन्तिम ३ महिनामा पुँजीगत खर्चको ४० प्रतिशत र असारमा मात्र २० प्रतिशत भन्दा बढी खर्च गर्न नपाईने व्यवस्था छ । यस पालीकाले पूँजीगत कार्यक्रम अन्तर्गत रु १३१९०९०००।० खर्च गरेकोमा प्रथम चौमासिकमा रु ५४४९०००।० दोश्रो चौमासिकमा रु ३१७९१०००।० र अन्तिम चौमासिकमा रु ९४६६९०००।० खर्च गरी अन्तिम चौमासिकमा मात्र पूँजीगत खर्चको झण्डै ७२ प्रतिशत खर्च गरेको छ भने असारमा मात्र रु ४६८३६०००।० खर्च गरी ३५.५ प्रतिशत खर्च गरेको छ । यसरी सिमा विपरित वर्षान्तमा आएर बढी खर्च गरिनु उपयुक्त देखिएन ।	
८.४	१६५	२०७९-३-२५	**पकेट क्षेत्रमा लागत सहभागिता नभएको**ः प्रधानमन्त्री कृषि आधुनिकीकरण परिचयोजना कार्यान्वयन निर्देशिकाको परिच्छेद ७ को बुदा नं ७.१ मा पकेट क्षेत्र अन्तर्गत तोकिएको पशुपक्षी नश्ल सुधार आदी कार्यक्रममा ५० प्रतिशत अनुदान उपलब्ध हुने व्यवस्था छ । साथै पशुपक्षी तथा मत्स्य प्रर्वद्धन कार्यक्रम संचालन कार्यविधि २०७८ मा समेत लाभग्राही संग सम्झौता गर्दा अनिवार्य रुपमा वित्तिय दायित्वको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकाले बाख्रा पकेट कार्यक्रम वापत रु ६८५०००।० खर्च लेखेकोमा गत आवमा स्थापना भएको साना व्यवसायिक कृषि उत्पादन केन्द्रलाई अनुदान दिएको छ । अनुदानमा औषधी र घासमा ५ प्रतिशत मात्र कृषकको सहभागिता रहेको छ । भने बोका खरिदको रकममा १०० प्रतिशत अनुदान दिईएको छ । तसर्थ निर्देशिका बमोजिम बोका अनुदान रु ५०००००।० मा ५० प्रतिशत लागत सहभागीता भएको नदेखिएकोले सो असुल गरी संघिय कोष दाखिला गर्नुपर्ने रु	२५०,०००
८.५			**बजेट स्वीकृती**ः स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७१ मा पालिकाले आगामी आ.व का लागि राजस्व र व्ययको अनुमान असार १० भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गराई दफा ७३ बमोजिम ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले २०७८ असार ११ मा बजेट स्वीकृत गरी २०७८।४।१ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिएको छ ।	
९			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वजेट व्यवस्थापनतर्फ • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन। • स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन। • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन। • स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको छैन। • स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन। भ्रमण खर्च व्यवस्थापनतर्फ • भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको पाइएन। • नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको पाइएन। • स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन। • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी गरेको पाइएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन । • उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको कतिपय व्यहोरा सुधार गरेको पाइएन। • उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको देखिदैन। • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको पाइएन। शिक्षातर्फ •स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			•शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाटअधावधिक गरेको पाइएन। िद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको पाइएन । • शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिदैन। • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिदैन। • कतिपय संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन। विविध तर्फ • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको पाइएन। • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन। • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन। • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको पाइएन। • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन। • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो गरेको देखिएन। •भण्डारण गरिएको औषधीको भण्डार परिक्षण परिक्षण गर्दा नेपाल सरकारवाट निशुल्क प्रदान भनी उल्लेख हुनुपर्नेमा केहीमा भएको र केहीमा Not for Sale उल्लेख नभएको धैरै परिमाणमा औषधी मौज्दातमै रहेको १/२ वटा थोरै परिमाणको औषधीको प्रयोग अवधि समाप्त भएको जस्ता कैफियत देखिएकोले व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ। • नगरपालिकाले ठेक्का प्रकृया सम्वन्धी फायल खडा नगरी यत्रतत्र गरी राखेको पाइन्छ । ठेक्का प्रकृया सम्वन्धि कागजात माग गर्दा धैरै फायल खोजेर मात्र कागजात पेश हुने गरेकोले सरलता ल्याई ठेक्का फायल खडा गर्नुपर्दछ । • नगरपालिकाले कतिपय योजना तथा कार्यक्रमको अनुगमन वेगरनै भुक्तानी दिएको छ भने कतिपय अनुगमन प्रतिबेदनले दिएको सुझाव कार्यान्वयन गरेको देखिदैन। • नगरपालिकाले कन्टेनजेंसीको आय र खर्चको अभिलेख राखेको देखिदैन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• नगरपालिकाले प्रयोग गर्न नसकीने र सेवा दिन नसक्ने सम्पतीको लिलामी र राफसाफ गर्ने गरेको पाइएन।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कर्मचारी</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>बढी ग्रेडः निजामती सेवा ऐन २०४९ को दफा ७ ख(२) मा निजामती कर्मचारीको जिल्ला स्थित भए सम्वन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलवी प्रतिवेदन पास गरी सोही तलवी प्रतिवेदनको आधारमा तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष २ कर्मचारीको तलबी प्रतिबेदनमा पास गरेको ग्रेड भन्दा बढी ग्रेड राखी तलव खर्च लेखेकोले बढी ग्रेड बापतको रु ३०६३३।० असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>तलव स्केल</th><th>ग्रेड रकम</th><th>क,स कोस सहित बढी ग्रेड रकम</th><th>कैफियत</th></tr>
<tr><td>देव नारायण यादव</td><td>४०५२२।०</td><td>१२६७</td><td>16991</td><td>जेठबाट ३ ग्रेड खानुपर्नेमा साउनबाटै ४ ग्रेड भुक्तानी</td></tr>
<tr><td>विद्यानन्द चौधरी</td><td>२८६१०</td><td>९५४</td><td>१३६४२</td><td>पुसबाट ६ ग्रेड खानुपर्नेमा वर्षभरीनै १ ग्रेड बढी भुक्तानी</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>30633.0</td><td></td></tr>
</table></td><td>३०,६३३</td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>कानुनी सल्लाहाकारः मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५(पहिलो संशोधन समेत) मा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव तथा कानुनी सल्लाकार राख्न पाउने व्यवस्था छैन । नगरपालिकाले कानुनी सल्लाकारको रुपमा श्री कमल कुमार कार्कीलाई नियुक्ति गरी मासिक रु</td><td>४२२,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>३२५००।० का दरले बार्षिक रु ४२२५००।०० भुक्तानी गरेको छ । निजहरुले गर्ने कार्य स्प्रष्ट नभएको, उजुरी एव मुद्धाहरुमा बहस पैरवी गर्नुपरेमा अन्य व्यवसायीलाई अतिरिक्त खर्च लेख्ने जस्तो प्रवृति देखिएको हुदा यस्तो खर्च रकम अनियमित देखिएको रु</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवा प्रवाहः स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(२) मा नगरपालीकाको काम कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था छ । जस अनुसार यस वर्ष यस नगरपालिकाले निम्नानुसार सेवाहरुमा दिएको सेवा स्थिती यस प्रकार छ ।
<table>
<tr><td>विवरण</td><td>संख्या</td><td>कैफियत</td></tr>
<tr><td>नागरिकता सिफारिस</td><td>२०६४</td><td rowspan="5">उक्त संख्याहरु निवेदन मात्र भएको सिफारिस हुन वा होइनन भन्ने विवर प्राप्त भएन</td></tr>
<tr><td>घरबाटो सिफारिस</td><td>२०९७</td></tr>
<tr><td>नाता प्रमाणित</td><td>१२८५</td></tr>
<tr><td>जन्म मृत्यु दर्ता</td><td>३१९०</td></tr>
<tr><td>अन्य</td><td>८३२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>धरौटी</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>धरौटी फिर्ताः (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति२०७९।१२।१८ को निर्णयबाट रु.१०१६००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>धरौटीको व्यक्तिगत अभिलेखः धरौटीको व्यक्तिगत अभिलेख नराखेकोले यो वर्ष फिर्ता गरेको धरौटी रु ८३२०५६२।२५ सम्वन्धित व्यक्ति वा फर्मकै हो भनि सुनिश्चित हुने आधार देखिएन । व्यक्तिगत धरौटी अभिलेख खाता तयार नगर्दा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दोहोरो फिर्ता हुन सक्ने जोखिम समेत रहेको छ । अतः व्यक्तिगत धरौटीको अभिलेख तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>धरौटीको अवस्थाःआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६७ मा धरौटी फिर्ता लिन नआएमा त्यस्तो रकम राजश्व खातामा जम्मा गर्ने सम्वन्धि व्यवस्था छ । कार्यालयमा रहेको धरौटी बाँकी रु ७४०४९२२।७५ को कस्ले के प्रयोजनको लागि धरौटी राखेको हो छानविन गरी प्रयोजन समाप्त भएका धरौटीहरु सो नियमको प्रकृया पुरा गरी स्थानीय संचित कोष दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>पोखरी ठेक्काः नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको २७ वटा पोखरी ठेक्कामा लगाउने कार्यका लागि मिति २०७८।२।२० मा सूचना प्रकाशन गरेकोमा शुरुमा जम्मा २ वटा पोखरीको मात्र न्यूनतम भन्दा बढीका बोलपत्र दर्ता हुन आएको देखिन्छ । पोखरी क्रम संख्या नं २१ र २६ को मात्र प्रकृया अनुसार निर्णय भएकोमा पोखरी नं २१ को रु ६५५५५।० स्वीकृत भएको छ । तर नीज प्रथम कबोलकर्ताले सम्झौता गर्न नआएको हुँदा दोश्रो बढी रु ३६६३६।० संग सम्झौता भएको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६५ वमोजिम प्रथम वोलपत्रदाताको धरौटी जफत गर्नुपर्नेमा सो नगरी दोश्रो वोलपत्रदातासंग सम्झौता गरेको पाईएकोले सोको धरौटी जफत गर्नुपर्ने रु</td><td>३,२७८</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कोभिड १९ नियन्त्रण खर्चः पालिकालाई यस वर्ष संघिय प्रदेश अनुदानवाट यस कार्यक्रममा हुने रकम प्राप्त भएको छैन । नगरपालिकाले निम्नानुसार बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ । उक्त आय व्यय दैवी प्रकोप व्यवस्थापन कोष कुल रकम भएकोमा कोरोना तर्फ रु ७२२८७८।० खर्च गरेको देखिन्छ ।
<table>
<tr><th>क्रस</th><th>आय</th><th>रकम</th><th>क्रस</th><th>व्यय</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत आवको जिम्मेवारी</td><td>१११६८०८।३१</td><td>१</td><td>गत आवको अग्रिम कर दाखिला</td><td>५९४१९।७०</td></tr>
<tr><td>२</td><td>चालु खातावाट ट्रान्सफर</td><td>१५०००००</td><td>२</td><td>कोरोना नियन्त्रण तर्फ</td><td>७२२८७८।०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>संघिय बजेटवाट खर्च मिलान</td><td>१७४५००</td><td>३</td><td>राहत उद्धार</td><td>६२१०२०।७५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>मौज्दात</td><td>१३८७९८९।८७</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२७९१३०८।६१</td><td></td><td></td><td>२७९१३०८।६१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>आन्तरिक आयः</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको प्राकृतिक श्रोत,हाटबजार विभिन्न सेवा दस्तुर आदीबाट पालिकाको आर्थिक ऐन, २०७८ बमोजिम आम्दानी गर्नसक्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले विभिन्न अनुदान र बाँडफाडवाट प्राप्त हुने राजस्व बाहेक आन्तरिक श्रोतवाट रु ७६६१७ हजार आम्दानी गर्ने लक्ष्य राखेकोमा रु १३५११ हजार मात्र आम्दानी गरेको छ । लक्ष्यको तुलनामा १७.६ प्रतिशत मात्र असुल गरेकोले लक्ष्य विश्लेषण एंव आधार विना तोकेको देखिन्छ ।

आन्तरिक आयतर्फ पालिकाले संझौता अनुसार किसताबन्दी रुपमा बुझाउनुपर्ने रकम समयमा दाखिला गर्न लगाउनुपर्दछ । यस पालिकाको स्वामित्वमा रहेका विभिन्न पोखरीहरु कृषकलाई ठेक्कामा दिइ कृषक वाट निश्चित रकम राजस्व संकलन गरिहको तर देहायवमोजिमका कृषक वाट पहिलो, दोस्रो र तेस्रो किस्तामा तोकिएको समय वुझाउनु पर्ने राजस्व म्याद नागि सक्दा समेत नवुझाएकोले सम्वन्धित कृषक वाट आवश्यक जरीवाना सहित किस्ता रकम वुझाउनुपर्ने रु
<table>
<tr><td>क्र.स</td><td>स्वन्धित कृषक</td><td>पोखरी</td><td>वुझाउन वाकि रकम</td><td>म्याद समाप्त मिति</td><td>किस्ता</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>दुर्गेश चौधरी</td><td>भजहा खता पोखरी</td><td>२४४२४।०</td><td>२०८१ असार मसान्त</td><td>२ वटा</td><td>०७८।७९ को २ वटा किस्ता बाकी</td></tr>
</table>
</td><td>२२०,४४२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>राजेन्द्र प्र. चौधरी</td><td>औराहा पोखरी</td><td>५००००</td><td>२०७९।३।१५</td><td>दोस्रो</td><td>दोस्रो किस्तामा रु २५०००० वुझाउनु पर्ने भन्दा ५०००० कम वुझाएको</td></tr>
<tr><td>३</td><td>दिलिप कुमार चौधरी</td><td>महेशपुर पोखरी</td><td>३४३३४</td><td>२०७९।३।१५</td><td>दोस्रो</td><td></td></tr>
<tr><td>४</td><td>अलि हमन महम्मद</td><td>धांति बजार पोखरी</td><td>७९३३३।३३</td><td>२०७९।३।१५</td><td>दोस्रो</td><td></td></tr>
<tr><td>५</td><td>संगिता कुमारी चौधरी</td><td>मधुपट्टि ३ राम टोल पोखरी</td><td>३२३५१</td><td>२०७९।३।१५</td><td>दोस्रो</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२२०४४२।०</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.
२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा तोकिएको समयमा आय संकलित गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्षहाट बजारको २ ठेक्का मध्ये १ कुशाहमा लाग्ने हाटबजारको ठेक्का मु अ कर बाहेक रु १५०५००।०० मा लागेकोमा ठेक्का धनी श्री मजलुम मिया ले तेश्रो किस्ता बापतको रु ४३६८८।३४ लेखापरीक्षणको अवधि सम्ममा पनि दाखिला गरेको देखिएन । आर्थिक वर्षको अन्तसम्म पनि दाखिला नगरेकोले सुद समेत हुने रु ४८०५७।० असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>४८,०५७</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>ढुगा गिटी र बालुवा ठेक्काः</td><td></td></tr>
<tr><td>१६.
१</td><td></td><td></td><td>(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति२०७९।१२।१८ को निर्णयबाट रु.२३१५१४८।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम उक्त रकममा मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्नेमा सो भएको छैन । सो कर समेत दाखिला गर्नहुन भनी पछि आएर पत्रचार भएको छ । यसरी शुरुमै सम्झौतामा उल्लेख गरी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा सो नगरी पछि आएर मु.अ.कर समेत वुझाउनुहुन भनी पत्राचार गरेकोले मूल्य अभिवृद्धि कर समेत असुल नभएको हुँदा सोको १३ प्रतिशतले हुने रकम असुल गर्नुपर्ने रु १५६६६३०।०</td><td>१५६,६३०</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>शिक्षा</td><td></td></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>पाठ्यपुस्तकको रकम बढी दरले निकासाः शिक्षा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ बमोजिम जनक शिक्षा सामाग्री केन्द्र एवं पाठ्यक्रम विकास केन्द्रले आर्थिक वर्षको लागि तोकेको दर अनुसार कक्षा १ देखि १० सम्मको पाठ्यपुस्तकको रकम निकासा दिनुपर्ने व्यवस्था छ । पाठ्यक्रम विकास केन्द्रले यस वर्षका लागि २०७८।१।२६ को पत्र बमोजिम तोकेको निम्नानुसार दर भन्दा बढी दरमा कक्षा ९ र १० को पाठ्यपुस्तक रकम निकासा दिएकोले उक्त बढी रकम असुल गर्नुपर्ने रु

<table>
<tr><td rowspan="2">क्रस</td><td colspan="6">कक्षा९ को प्रथम ७५ प्रतिशत र दोश्रो २५ प्रतिशत सहित</td></tr>
<tr><td>विद्यालय</td><td>निकासा दिएको विद्यार्थीसंख्या</td><td>दिनुपर्ने पाठ्यपुस्तक दर</td><td>दिएको दर</td><td>बढी दर</td><td>बढी रू</td></tr>
<tr><td></td><td>जनता माविशिशुवारी</td><td>१००</td><td>६४६.६६</td><td>१०८४</td><td>437.34</td><td>43734</td></tr>
<tr><td></td><td>जनता माविभेडिया</td><td>६६</td><td>६४६.६६</td><td>१०८४</td><td>437.34</td><td>28864.44</td></tr>
<tr><td></td><td>जनप्रभातमावि दौलतपुर</td><td>१२५</td><td>६४६.६६</td><td>१०८४</td><td>437.34</td><td>54667.5</td></tr>
<tr><td></td><td>मसीलालजनता मावि</td><td>१६४</td><td>६४६.६६</td><td>१०८४</td><td>437.34</td><td>71723.76</td></tr>
<tr><td></td><td>केशवस्मारक जनता मावि</td><td>१७५</td><td>६४६.६६</td><td>१०८४</td><td>437.34</td><td>76534.5</td></tr>
</table></td><td>३७१,०७४.४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	जनता माविखैजनपुर	४३	६४६.६६	१०८४	437.34	18805.62
	कक्षा १० को प्रथम ७५ प्रतिशत र दोश्रो २५ प्रतिशत सहित					
	जनता माविशिशुवारी	८७	६०५.६	६६२	56.40	15839.8
	जनता माविभेडिया	०	६०५.६	६६२	56.40	9621
	जनप्रभातमावि दौलतपुर	११०	६०५.६	६६२	56.40	10577
	मसीलालजनता मावि	१३७	६०५.६	६६२	56.40	25657.8
	केशवस्मारक जनता मावि	१००	६०५.६	६६२	56.40	13075
	जनता माविखैजनपुर	३५	६०५.६	६६२	56.40	1974
						371074.4

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.२			**अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदनः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ बमोजिम राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय निर्माणको लागि दिएको रकमको निर्माण कार्य वापत अनुगमन गरी कार्यसम्पन्न भए नभएको एकीन गरिनुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली वमोजिम कार्यसम्पन्न प्रतिवेदन समेत पेश हुनुपर्दछ । निम्नानुसार विद्यालयलाई निर्माण वापत दिएको निकासा रकमको अनुगमन तथा सम्पन्न प्रतिवेदन प्राप्त नभएको हुदा सो पेश हुनुपर्ने रु	९,०००,०००

क्र स	विद्यालय	रकम	व्यहोरा
१	श्री जनता मावि भेडिया	३६०००००।०	४ कोठे भवन निर्माण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२ | श्री केशव स्मारक ज.मा.वि | ३६००००००|० | ४ कोठे भवन निर्माण ३ | श्री मसीलाल जनता मा.वि | १८००००००|० | २ कोठे भवन निर्माण	
१७.३			**प्राविधिक भत्ताः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं २.२ बमोजिम प्राविधिक धार भएका विलालयका लागि १० महिनाको मात्र प्राविधिक शिक्षकलाई मासिक रु ३०००|० दिनुपर्नेमा अप्राविधिक शिक्षक श्री राम प्रकाश मेहतालाई समेत एक महिनाको निकासा भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु	३,०००
१७.४			**बढी ग्रेडः** कार्यालयले तलब भत्ता भुक्तानी दिदा जिल्ला जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित ग्रेड बमोजिम खर्च लेख्नु पर्ने उल्लेख छ । अनमी चौथो तह श्री रीता कुमारी चौधरीको २०७८ मंसीर देखि मात्र ग्रेड वृद्धि भै ६ ग्रेड संख्या हुनेमा श्रावण देखिनै ६ ग्रेड भुक्तानी दिएको र मंसीरमा पुन ग्रेड थप गरेको पाईएकोले वार्षिक एक ग्रेड बढी भुक्तानी भएकोले प्रति ग्रेड रु १००९|० का दरले संचयकोष थप र चाडपर्व खर्च समेत बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु	१४,३००
१८			**आथिक सहायता र प्रकोप व्यावस्थापन**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.१</td><td></td><td></td><td> आर्थिक सहायताः स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १६(४क) मा पालिका प्रमुखको काम कर्तव्य र अधिकार तोकेको छ । पालिका प्रमुखले तोक आदेश दिई विभिन्न व्यक्ति वा संस्थालाई अनुदान सहायता वितरण गर्ने सम्वन्धमा उल्लेख छैन । पालिकाले चालु शिर्षकबाट विभिन्न व्यक्ति तथा संस्थालाई औषधी उपचार लगायतका आर्थिक सहायता नगर प्रमुखको तोक आदेश अनुसार वितरण गरेको छ । सो खर्च तथा अधिकार प्रयोजन सभावाट स्वीकृत भएको समेत छैन । यस्तो खर्चमा नियन्त्रण गरी प्रचलित ऐन कानुन र कार्यविधि तयार गरेर मात्र आवश्यकताको आधारमा खर्च लेखिनुपर्दछ ।
<table>
<tr><td>गो भौ मिति</td><td>संस्था तथा व्यक्ति</td><td>रकम</td></tr>
<tr><td>६३|०७८|८१२</td><td>हिरालाल चौधरी</td><td>२५०००|००</td></tr>
<tr><td>६५|०७८|८|१४</td><td>रंगिला देवी झा</td><td>१५००००|०</td></tr>
<tr><td>६७|०७८|८|१७</td><td>महेन्द्र प्रसाद चौधरी</td><td>१७५०००|०</td></tr>
<tr><td>७७|०७८|८|२३</td><td>हिरा देवी सदा</td><td>१०००००|०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४५००००|०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>प्रकोप व्यवस्थापनः प्रकोप व्यवस्थापनमा यस वर्ष जम्मा रु १२२८८१८|१५ खर्च भएको देखिन्छ । जसमा कोरोना सम्वन्धी कार्य तथा कोरोना सम्बन्धी सर्जिकल माक्स तथा सेनिटाइजर खरिद मा रु ५४८६९३|० खर्च भएको देखिन्छ भने वर्षाको कारण घरभत्केको, आगोको कारण घर जलेको घर परिवारलाई आर्थिक र सामाग्री वापत चामल दाल वितरण तथा चिसोको कारण बच्न दाउरा वितरणमा क्षतिपुर्ति बापतको रकम भनि रु ६८०१२५|४५ खर्च गरेको छ । कोभिड 19 नियन्त्रण खर्च र दैवी प्रकोप खर्च एउटै कार्यक्रमवाट खर्च गरेकोमा कार्यक्रम छुट्याई खर्च गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>मध्यमकालीन खर्च संरचना:आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ११ मा मध्यकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन कार्यान्वयन क्षमता विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी माघ मसान्तभित्र तयार गर्नुपर्ने, तयार भएको मध्यकालिन संरचना फागुन मसान्तभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष मध्यकालिन खर्च संरचना तर्जुमा गर्न अलाम इन्टरनेशनल प्राली लाई रु ४९८३३०।० भुक्तानी गरेको छ । नियमावली अनुसार नगरपालिकाले उक्त योजना तयार गरेको पाइएन । मध्यकालीन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको संरचना तयार गरेतापनि कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>चालु खर्च</td><td></td></tr>
<tr><td>२०.१</td><td>७५।०७८।८।२०</td><td></td><td>डिजिटल नागरिक बडापत्रः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले डिजिटल नागरिक वडापत्रको सफ्टवेयर अपडेट सहितको विवरण र कार्यरत कर्मचारीको विवरण सहितको सवै वडामा जडान गर्ने भनि रु ४९६८००।०० मा सम्झौता गरेकोमा सो अनुसार भएको यकिन हुने आधार प्रमाण पेश भएन । अत उक्त कार्यको प्रमाण पेश गर्नुपर्ने रु</td><td>४९६,८००</td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>मापदण्ड भन्दा बढी भत्ताः कार्यसंचालन निर्देशिका २०७५ को ७.१.१५ मा ७ दिनसम्मको सिपमूलक तालिम प्रशिक्षण, सहजकर्ता तथा संयोजन गर्दा प्रति कक्षा १०००।०० को दरले भत्ता दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले जनप्रतिनिधि तथा कर्मचारीलाई विभिन्न कार्यक्रम तालिम संचालन गर्दा निर्देशिकाले तोकेको दर भन्दा बढी दरमा भत्ता उपलब्ध गराएकोले बढी भत्ता असुल गर्नुपर्ने रु
<table>
<tr><th>व्यक्ति</th><th>कार्यक्रमको नाम</th><th>विवरण</th><th>कक्षा संख्या</th><th>दिएको दर</th><th>बढी दर</th><th>कर बाहेक बढी रकम</th></tr>
</table></td><td>२७,६२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>घनश्याम पोखरेल</td><td>लिसा</td><td>प्रशिक्षक</td><td>४</td><td>२५००।०</td><td>१५००।०</td><td>५१००.</td></tr>
<tr><td>उपेन्द्र चौधरी</td><td>लिसा</td><td>प्रशिक्षक</td><td>३</td><td>२५००।०</td><td>१५००।०</td><td>३८२५.</td></tr>
<tr><td>गजेन्द्र नाथ शर्मा</td><td>गणक अभिमुखिकरण</td><td>सहजकर्ता</td><td>६</td><td>२५००।०</td><td>१५००।०</td><td>७६५०</td></tr>
<tr><td>उपेन्द्र कुमार चौधरी</td><td>कम्पयूटर तालिम</td><td>प्रशिक्षक</td><td>२६</td><td>१५००।०</td><td>५००।०</td><td>११०५०.</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२७६२५</td></tr>
</table>

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु. १७८५० सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>२०.३</td><td></td><td></td><td>तथ्यांक संकलनःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले महिला वालवालिका अपाङ्ग भएको व्यक्तिको डाटा संकलन गर्नको लागि ५ जना स्वयमसेवक रु १५ हजार पारिश्रमिक र यातायात खर्च रु ३ हजार गरी जम्मा १८०००।०० दिने भनि करार सम्झौता गरी तथ्यांक संकलन गरेकोमा केही तथ्यांक स्थलगत निरिक्षण गरी र अन्य सम्पुर्ण तथ्यांकहरु कार्यालयको पञ्जिकरण शाखाबाट संकलन गरेको देखिन्छ । सम्पूर्ण तथ्यांक स्थलगत खटि संक्लन गर्नुपर्नेमा केही बाहेक सम्पुर्ण तथ्यांक कार्यालयबाट नै उपलब्ध गरी खर्च लेखेको छ । यस्तो प्रकृतिको खर्चमा कार्यालयले नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.४</td><td></td><td></td><td>कामको दोहोरोपनाः स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ६७ को २(घ) मा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बिच आपसी तादाम्यता तथा परिपुरकता कायम गर्ने गरी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष भौचर नं १० मिति ०७८।६।१४ बाट जनप्रतिनिधि तथा कर्मचारीलाई गरी जम्मा ५२ जनालाई ३ दिने लिसा तालिम दिएकोमा पुनः भैचर नं १६३ मिति ०७८।१०।२५ मा पुन सोही ४४ जना प्रतिनिधि</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तथा कर्मचारीलाई १ दिने सोही लिसा तालिम दिई रु ९४७५०।०० खर्च लेखेको छ । ऐन नियम विपरीत एकै प्रकृतिको तालिम २ पटक संचालन गरी सीही कर्मचारीलाई तालिम दिई खर्च लेखेको पाइएकोले उक्त कार्यक्रममा थप १ दिन तालिम दिनुको विषय र उद्‌देश्य स्प्रष्ट नगराखेकोले पटक पटक यस्तो एउटै कार्यक्रम गरिनु उचित देखिएन ।	
२१			**कर तथा भरपाइ**	
२१.१	७८।७८।८।२३		**ढुवानी करः** आयकर ऐन २०५८ को दफा ८८ मा ढुवानी कर बापत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका कर्मचारी श्री जुगल किशोर देवले विउ वोका ढुवानी गरी भाडा वापत रु २००००।०० भुक्तानी गरेकोमा वहाल कर रु २०००।०० कट्टी गरेता पनि दाखिला गरेको नपाइएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु	२,०००
२१.२			**भरपाइ बेगर खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका कर्मचारी टेक व खड्काले सभा संचालनका लागि भनि रु ४९३०००।० पेश्की लिएकोमा सभा संचालन भएपश्चात सभामा उपस्थिती १६ पदाधिकारी तथा कर्मचारीलाई रु १५००।० को दरले भत्ता वितरण बापतको रकम रु २४०००।० को भर्पाई नभएकोले सो रकम दाखिला गर्नुपर्ने रु	२४,०००
२२			**तालिम**	
२२.१			**प्रशिक्षण भत्ताः** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ दफा १५ मा सवै प्रकारका तालिम, गोष्ठी, अन्तरक्रिया, सेमिनार, कार्यशाला संचालन सम्वन्धि व्यवस्थाको खर्चको मापदण्ड अनुसुचि २ मा प्रशिक्षण भत्ता सम्वन्धि व्यवस्था गरेको छ । उत्त अनुसुचिमा जिल्ला वा स्थानिय स्तरमा हुने सहायक स्तर/अन्य तालिममा कक्षा संचालन वापत प्रशिक्षण भत्ता रु ६०० र कार्यपत्र वापत रु ८००।० खर्च लेख्न सकिने व्यवस्था र सो कार्यालयको स्रोत व्यत्ति भए कक्षा लिए वापत पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ भन्ने व्यवस्था छ । निम्न वमोजिमका कार्यक्रममा माथि उल्लेखित दर भन्दा वढि भुत्तानी भएकोले सो रकम रु ११२७९५ असुल उपर हुनुपर्ने रु	१०८,००५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१. भुमि व्यवस्था सम्वन्धि तालिम (गो.भौ.नं/मिति २०३/२०७८।११।१८)

क्र स	प्रशिक्षकको नाम	दर	संख्या	कर कट्टि पछि भुतानी रकम	असुल गर्नु पर्ने रकम	कैफियत
२	सावित्रि पुरी (विषय विज्ञ, वाह्य प्रशिक्षक)	२५००	५	१०६२५	७२२५	वाह्य प्रशिक्षक कार्यपत्र नभएको प्रशिक्षण वापतको रकम मात्रै भुत्तानी
३	हरिनन्दन राम (आन्तरिक प्रशिक्षक	२५	१	२१२५	२१२५	कार्यपत्र नभएको आन्तरिक प्रशिक्षक रहेकोले सवै रकम
	जम्मा				९३५०	

२. कृषक तालिम (बालि नालि कृषि यन्त्र सम्वन्धि)(गो.भौ.नं/मिति २५६/२०७८।१२।२०)

क्र स	प्रशिक्षकको नाम	दर	कक्षा	कर कट्टि पछि भुत्ता नी रकम	एउटा सेसनमा वुझिलिए को रकम	जम्मा ८ वटा सेसनमा लिएको रकम	नियम वमोजिम पाउने रकम	असुल गर्नु पर्ने रम

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			(तलका तालिकाहरू हेर्नुहोस्)	

१	चन्देश्वर यादव (आन्तरिक प्रशिक्षक)	१५००	५	७५००	६३७५	५१०००	०	५१०००
२	रामविलास यादव (आन्तरिक प्रशिक्षक)	१५००	१	१५००	१२७५	१०२००	०	१०२००
३	रहमुल राईन (वाह्य प्रशिक्षक	१५००	१	१५००	१२७५	१०२००	४०८०	६१२०
	जम्मा							६७३२०

३. गर्भवति तथा सुत्केरी आमालाई पोषण सम्वन्धि तालिम (गो.भौ.नं/मिति ३५९/२०७९।३।२

क्र स	प्रशिक्षकको नाम	दर	संख्या	कर कट्टि पछि भुक्तानी रकम	असुल गर्नु पर्ने रकम	कैफियत
१	राम नारायण शाह	१५००	३	३८२५	३८२५	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको
२	भषण सुनरैत	१५००	३	३८२५	३८२५	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	विपिन यादव	१५००	३	३८२५	३८२५	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको
४	सन्तोष कुमार चौधरी	१५००	३	३८२५	३८२५	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको
5	धर्मेन्द्र यादव	१५००	३	३८२५	३८२५	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको
	जम्मा				१९१२५	

४. कृषि तथा पशुपालन सम्वन्धी अभिमुखिकरण तालिम (गो.भौ.नं/मिति ४६३/२०७९।३।२५)

क्र स	प्रशिक्षकको नाम	दर	संख्या	कर कट्टि पछि भुक्तानी रकम	असुल गर्नु पर्ने रकम	कैफियत
१	चन्देश्वर यादव	१५००	२	२५५०	२५५०	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको
२		१५००	२	२५५०	२५५०	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको
३	सुरेश कुमार साह	१५००	२	२५५०	२५५०	आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सन्तोश कुमार चौधरी</td><td>१५००</td><td>२</td><td>२५५०</td><td>२५५०</td><td>आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको</td></tr>
<tr><td>५</td><td>रुपा कुमारी चौधरी</td><td>१५००</td><td>२</td><td>२५५०</td><td>२५५०</td><td>आन्तरिक प्रशिक्षक कार्यपत्र नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१२२१०</td><td></td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु. ४२५० सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>
सहजकर्ता उल्लेख गरि प्रशिक्षण भत्ता भुक्तानीः प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ दफा १५ मा सवै प्रकारका तालिम, गोष्ठी, अन्तरक्रिया, सेमिनार, कार्यशाला संचालन सम्वन्धि व्यवस्थाको खर्चको मापदण्ड अनुसुचि २ मा प्रशिक्षण भत्ता सम्वन्धि व्यवस्था गरेको छ । उक्त अनुसुचिमा जिल्ला वा स्थानिय स्तरमा हुने सहायक स्तर/अन्य तालिममा कक्षा संचालन वापत प्रशिक्षण भत्ता रु ६०० र कार्यपत्र वापत रु ८०० खर्च लेख्न सकिने व्यवस्था र सो कार्यालयको स्रोत व्यक्ति भए कक्षा लिए वापत पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ भन्ने व्यवस्था छ । निम्न वमोजिमका कार्यक्रममा प्रशिक्षक लिएवापत सहजकर्ता र सहसहजकर्ताको जिम्मेवारी उल्लेख गरि माथि उल्लेखित दर भन्दा वढि भुक्तानी भएकोले सो रकम रु ६२१५०.0 असुल उपर हुनुपर्ने रु १. कर्मचारी तालिम खर्च (गो.भौ.नं/मिति २९९/२०७९।१।१२)
<table>
<tr><th>क्र स</th><th>नाम</th><th>जिम्मेवारी</th><th>भत्तादर</th><th>संख्या</th><th>करकट्टि पश्चात भुक्तानी रकम</th></tr>
<tr><td>२</td><td>खुव वहादुर खड्का</td><td>सहजकर्ता</td><td>२५००</td><td>१</td><td>२१२५</td></tr>
<tr><td>३</td><td>रविन्द्र चौधरी</td><td>सहसहजकर्ता</td><td>१०००</td><td>२</td><td>१७००</td></tr>
</table>
</td><td>३७,८२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

५	उपेन्द्र कुमार चौधरी	सहसहजकर्ता	१०००	२	१७००
	जम्मा				५५२५

२. बालवालिकाहरुको लागि शैक्षिक सामाग्री वितरण तथा बाल अधिकार सम्वन्धि तालिम (गो.भौ.न/मिति ३२६/२०७९।२।३)

क्र स	नाम	जिम्मेवारी	भत्तादर	संख्या	करकट्टि पश्चात भुक्तानी रकम
१	गजेन्द्र शर्मा	सहजकर्ता	२०००	२	३४००
२	मिरा कुमारी चौधरी	सहजकर्ता	२०००	२	३४००
३	सुनिल कुमार चौधरी	सहजकर्ता	२०००	२	३४००
४	पुष्पा कुमारी चौधरी	सहजकर्ता	२०००	२	३४००
	जम्मा				१३६००

३. हरवाचरुवाका लागि हक अधिकार तथा जिविकोपार्जन सम्वन्धि अभिमुखिकरण कार्यक्रम (गो.भौ.नं/मिति ४६६/२०७९।३।२५)

क्र स	नाम	जिम्मेवारी	भत्तादर	संख्या	करकट्टि पश्चात भुक्तानी रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>गणेश राम</td><td>सहजकर्ता</td><td>२०००</td><td>३</td><td>५१००</td></tr>
<tr><td>४</td><td>जितन्द्र राई</td><td>सहजकर्ता</td><td>२०००</td><td>३</td><td>५१००</td></tr>
<tr><td>५</td><td>धर्मेन्द्र सदा</td><td>सहजकर्ता</td><td>२०००</td><td>३</td><td>५१००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१५३००</td></tr>
</table>
४. पुर्ण सरसफाई तथा आनिवानि परिवर्तन सम्वन्धि कार्यक्रम (गो.भौ.नं/ मिति ४८८/२०७९।३।२५
<table>
<tr><th>क्र स</th><th>नाम</th><th>जिम्मेवारी</th><th>भत्तादर</th><th>संख्या</th><th>करकट्टि पश्चात भुक्तानी रकम</th></tr>
<tr><td>५</td><td>खुमवहादुर खड्का</td><td>सहजकर्ता</td><td>२०००</td><td>२</td><td>३४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३४००</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२९ को निर्णयबाट रु.२२१०० सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>२२.३</td><td>२०५।२०७८।११।१८</td><td></td><td>खेलकुद विकास खर्चः न्यू यादव यादव छापाखाना एण्ड स्टेशनरी वाट रु १००००० लाख वरावरको खेलकुद जन्य सामाग्रि खरिद गरेको तर त्यो सामान कुन कुन व्यत्ति क्लव आदिलाई वितरण गरियो त्यसको विवरण र भरपाई एंव त्यसको प्रयोगको विवरण प्राप्त भएन । अत सोको वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु</td><td>१००,०००</td></tr>
<tr><td>२२.</td><td>२०७।२०७८।११।१</td><td></td><td>कार्की कृषि तथा पशुपंछी फर्म वाट वोका ३ गोटा ६५००० र पाठी २ वटा ४००००।० समेत जम्मा १०५००० मा खरिद गरि</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td>२</td><td></td><td>वडा नं ४ का ५ जनालाई वितरण गरको भरपाई संलग्न गरेकोमा कृषक छनौटको लागि सम्बन्धित वडाको सिफारिस संलग्न नरहेकोले लाभग्राहि छनौट गरेको आधार स्प्रष्ट नभएको हंदा के आधारमा वितरण गरियो एकिन हुन सकेन।</td><td></td></tr>
<tr><td>२२.५</td><td></td><td></td><td>फरक शीर्षकवाट खर्चः भारी यन्त्र उपकरण सञ्चालन खर्च शीर्षकको वजेट रकम कार्यालय प्रयोजनका लागि जेष्ठ महिनाको रु ४१०४७६ र आषाढ महिनाको रु ३७९२९० रकम गरी जम्मा रु ७८९७६६ रकम कार्यालय प्रयोजनका लागि इन्धनमा खर्च भएकोले फरक शीर्षक वाट भएकोले सम्वन्धित शिर्षकबाट नै खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पोसाक खर्चः स्थातिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धि ऐन, २०७७ मा न्यायिक पदाधिकारीलाई पोसाक सम्वन्धि कुनै पनि व्यवस्था गरेको पाइदैन । यस पालिकामा विविध खर्च शीर्षक अन्तर्गत देहायवमोजमोजमका न्यायिक पदाधिकारीलाई पोसाक खरिद र सिलाई वापत मोडेल सप लाई रु ५६८०० भुक्तानी भएको रकम अनियमित देखिएकोले सो असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्रस</th><th>नाम</th><th>रकम वरावरको</th></tr>
<tr><td>१</td><td>विन्दा कुमारी पासवान</td><td>१८८००</td></tr>
<tr><td>२</td><td>शिव नारायण चौधरी (वडा अध्यक्ष)</td><td>१९५००</td></tr>
<tr><td>३</td><td>हिरा कुमारी चौधरी (का.पा.सदस्य)</td><td>१८५००</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td><td>५६,८००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>चालु</td><td></td></tr>
<tr><td>२४.१</td><td>६१।०७८।८।७</td><td></td><td>प्रशारण प्रमाणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मिता एम एम लाहानलाइ खोरेत चरचरे पि सि आर जस्ता भ्याक्सिन लगाउने भनि प्रशारण गर्नको लागि रु १०००००।०० भुक्तानी भएकोमा सो प्रशारण भएको प्रमाण तथा प्रशारण सटिफिकेट श्रेस्ता साथ पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>२४.
२</td><td></td><td></td><td>जिन्सी दाखिलाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँध्नुपर्ने उल्लेख छ। नगरपालिकाले यस वर्ष प्रकोप व्यवस्थापनबाट कोभिड खर्च भनि रु ५४८६९३।०० मा निम्न सामाग्रि खरिद गरेको देखिन्छ । तर नगरपालिकाले ति समाग्रिको खर्चको स्थितिका साथै जिन्सी दाखिला फारम तयार गरेतापनि जिन्सी पाना नं उल्लेख गरेको देखिदैन ।यस सम्वन्धमा कार्यालयले समान यकिन गरी दाखिला गर्नुपर्दछ ।केही उदाहरण देहाय बमोजिम छ ।
<table>
<tr><th>गो भौ मिति</th><th>समानको विवरण</th><th>परिमाण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>३।०७८।७।१५</td><td>चाइनिज माक्स</td><td>५०००० थान</td><td>रसिका ट्रेडर्स एण्ड सप्लार्यस</td><td>२३२७८०।०</td></tr>
<tr><td>३।०७८।७।१५</td><td>सेनिटाइजर(१५० एमएल)</td><td>६०० गोटा</td><td>रसिका ट्रेडर्स एण्ड सप्लार्यस</td><td>८३३९४।०</td></tr>
<tr><td>३।०७८।७।१५</td><td>सेनिटाइजर(५ लि)</td><td>५० गोटा</td><td>रसिका ट्रेडर्स एण्ड सप्लार्यस</td><td>१४१२५०।०</td></tr>
<tr><td>३।०७८।७।१५</td><td>सेनिटाइजर(१ लि स्प्रे सहित)</td><td>५२ गोटा</td><td>रसिका ट्रेडर्स एण्ड सप्लार्यस</td><td>४७००८।०</td></tr>
<tr><td>६।०७८।९।१८</td><td>माक्स</td><td>११०००।००</td><td></td><td>४८९६९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>असम्बन्धित विल राखी फस्यौंटः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले चन्द्रेश्वर यादवलाई ५० प्रतिशत अनुदानमा चार्जर स्प्रे तथा प्याज वितरण गर्न भनि रु २०६०००।० भुक्तानी दिएको छ । चार्जर स्प्रे खरिदको लागि खुल्ला दरभाउपत्र माग गर्दा सबै भन्दा न्यून प्रति गोटा रु ६०००।० कबोल गरेको राधिका एग्रोभेट सुरुङ्गा सप्तरीबाट तथा प्याजको विउ न्यू सगरमाथा एग्रोभेटबाट खरिद गरेको देखिन्छ । तर चन्द्रेश्वर यादवले विराटनगरमा चार्जर स्प्रे तथा प्याजको विउ खरिद गर्न गएको भनि भ्रमण भत्ता रु ३२२५०।० को विल राखी फस्यौंट गरेकोले उक्त विल भरपाई राखी फस्यौंट गर्न मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु</td><td>३२,२५०</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>विविध खर्च</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>दोहोरो खर्चः कार्यक्रम संचालन गर्दा दोहोरो पर्ने गरी सुविधा खर्च लेख्नु हुदैन साथै एकै मितिमा २ वटा कार्यक्रम संचालन गरी दुवैका सहभागी एउटै भएमा एउटा मात्र सुविधा दिनुपर्दछ कार्यालयले मिति ०७९।३।१३ र १४ गते आखा कान घाटी दातमुखको अभिमुखीकरण गोष्ठि गरेकोमा मिति ०७९।३।१४ र १५ गते नसर्ने रोग सम्वन्धी कार्यक्रम संचालन गरेको छ । उक्त दिनहरु मध्ये ०७९।३।१४ गते निम्नानुसार सहभागीहरु दोहोरीएको हुँदा नीजहरुको पालिका परिसरमै भएको कार्यक्रममा यातायात खर्च समेत भुक्तानी दिएकोले भुक्तानी लिने स्वास्थ्य संयोजक श्री दर्शन चौधरीसंग उक्त रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>सहभागी संख्या</th><th>सहभागी भत्ता</th><th>यातायात खर्च</th><th>खाजा खर्च</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>२७</td><td>५९५ दरले १६०६५</td><td>५४००</td><td>५४००</td><td>२६८६५।०</td><td>सहभागी भत्तामा १५ प्रतिशत गरेको रकम बाहेक मात्र</td></tr>
</table></td><td>२६,८६५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५.२			**वैठक भत्ताः** १३५।०७९।३।२१ अर्थ सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी निर्देशिका बमोजिम कार्यालयका कर्मचारी मात्र उपस्थित बैठकमा बैठक भत्ता लिन नपाईने व्यवस्था छ । पालिकाले निम्नानुसार मितिवाट नियमित कार्यलयको बैठकमा समेत बैठक भत्ता खर्च लेखेको पाइएको हुदा उक्त खर्च रकम अनियमित देखिएको रु कार्यक्रम — खर्च खाद्यान्न वाली अनुसन्धान सम्बन्धि बैठक — १०२००।० खाद्यान्न पकेट निर्माण सम्बन्धि बैठक — ८५००।० जम्मा — १८७००	१८,७००
२५.३			**डायरी वितरणः** ११८।०७९।३।३० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेखिएका रकमको विल भरपाई श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ । साथै पालिकाको कार्यक्रम उद्देश्यपूर्ण ढगवाट सही सदुपयोग हुने किसिमले खर्च गरिनुपदर्छ । कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागि शैक्षीक कार्यक्रममा रु ५ लाख विनियोजन गरिएकोमा २६०० वटा डायरी छपाई रु ४९९४६०।० खर्च लेखिएको छ । कक्षा १ देखि ३ सम्मका विद्याथीका लागि भनी तयार गरेको उक्त डायरी विद्यालय शिक्षकले बुझेको देखिन्छ । सिकाई सहजीकरण भनी डायरी भरेर प्रयोगमा ल्याउन नसक्ने विद्यार्थीलाई वितरण गर्ने उद्देश्ये प्रभावकारी देखिएन । साथै उक्त डायरीहरु विद्यार्थीले बुझेको भपाई पेश समेत नभएको हुदा सो प्रमाण पेश हुनुपर्ने रु	४९९,४६०
२६			**शर्शत चालु**	
२६.१			**यातायात खर्च/सहभागी भत्ताः** अर्थ मन्त्रालय कार्यसंञ्चालन निर्देशिका २०७७ बमोजिम बैठक भत्ता तथा तालिम संञ्चालन गर्दा कार्यालयका कर्मचारी मात्र उपस्थित हुने कार्यक्रममा यातायात खर्च तथा बैठक भत्ता खर्च लेख्न मिल्ने व्यवस्था	६६,३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छैन । पालिकाले निम्नानुसार कार्यक्रमहरुमा पालिका धेरै जसो कर्मचारीलाई सबै जसो कार्यक्रममा सहभागी गराई यातायात र सहभागी भत्ता दिने गरेको छ ।यसरी लक्षीत वर्गलाई तोकिएको कार्यक्रम खर्चमा कार्यालयकै धेरै कर्मचारी सहभागी भै यस्ता भत्ता एवं खाजा खर्च लेखिनु उद्देश्यपूर्ण र मितव्ययी भएन । तसर्थ यस्ता खर्च नियन्त्रण गरी उक्त बढी व्ययभार पारेको रकम असुल गर्नुपर्ने रु	

गो भौ मिति	कार्यक्रम	बढी खर्च	व्यहोरा
११।०७८।८।६	वडा स्तरीय खाद्य सुरक्षा समिति बैठक	१३२००	वडाकै नियमित आउने पदाधिकारी/कर्मचारीलाई पनि यातायात खर्च दिएको ११ वडामा २००। दरले
६०।०७८।१२।१६	आमा समुह तथा स्वास्थ्य महिला स्वयसेवीका	८२००	नगरप्रमुख समेत कार्यालयका धेरै कर्मचारीलाई यातायात खर्च(०७८।११।१४ मा)
६०।०७८।१२।१६	आमा समुह तथा स्वास्थ्य महिला स्वयसेवीका	७७००	०७८।११।१३ मा पनि कार्यालयका सवैजसो पदाधिकारी कर्मचारीलाई यातायात खर्च
६०।०७८।१२।१६	आमा समुह तथा स्वास्थ्य महिला स्वयसेवीका	७२००	०७८।११।१२ मा पनि कार्यालयका सवैजसो पदाधिकारी कर्मचारीलाई यातायात खर्च
६०।०७८।१२।१६	स्वास्थ्य सुचकको मासिक बैठक	३००००	पालिका मेयर समेत सवैजसो पदाधिकारी कर्मचारी सहभागी भै ५०० का दरले यातायात खर्च
		६६३००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.२			**पालिका भित्रै भ्रमण आदेश विना भ्रमण खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ८ बमोजिम काज खटिएको स्थान देखि १५ किलोमिटर भित्र आफ्नै र आफ्नौ परिवारको नाममा स्थायी घर वसोवास भएका पदाधिकारी र कर्मचारीनै त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहदा दैनिक भत्ता नपाइने व्यवस्था छ । यस पालिकामा निम्नानुसार कर्मचारी पदाधिकारीले पालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम अनुगमन भनी आफ्नो पालिका भित्र केहीको वसोवास रहेकै स्थानमा भ्रमण आदेश वेगर दैनिक तथा भ्रमण खर्च भुक्तानी लिएको पाईएकोले उक्त खर्च पाउने व्यवस्था नभएको हुँदा उक्त रकममा कर कट्टी पछिको रकम असुल गर्नुपर्ने रु	१२०,७००

कर्मचारी	रकम
प्रप्र अ गजेन्द्र नाथ शर्मा	१६१५०।०
वडा अध्यक्ष देवेन्द्र प्र चौधरी	५१००।०
नासु टेक ब खड्का	५९५०।०
लेखापाल सिताराम कार्की	१६१५०।०
आलेप रुद्र ब खड्का	४२५०।०
नासु रीमा पोखे्रल	४२५०।०
सहायक चौथो दिपेश कु चौधरी	८५००।०
नाप्रास सुरेश शाह	२९७५।०
रोजगार संयोजक सुधिर चौधरी	८५००।०
फिल्ड अपरेटर अविनास चौधरी	९३५०।०
फिल्ड अपरेटर पुरुषोत्तम चौधरी	७६५०।०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			शि संयोजक प्रतिभा चौधरी — ७६५०।० कास परमेश्वर पासवान — ११९००।० कास अनिल यादव — २९७५।० मेयर मुक्तिनाथ चौधरी — ३४००।० उप मेयर विन्दा कुमारी पासवान — ५९५०।० जम्मा — १२०७००।०	
२६.३			**विल भरपाई नपुगः** १०९।०७९।३।८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेखिएका रकमको विल भरपाई श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले व्यक्तिगत घटना दर्ता सम्वन्धि शिविर संचालन वापत रु १४५२८०।० खर्च लेखेकोमा रु १२१७८०।० को मात्र विल भपाई सलग्न भएकोले विल भर्पाई भन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु	२३,५००
२७			**सरकारी भवन निर्माण उपभोक्ता समितिवाटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल कार्य तथा उपभोक्ता समुहले प्रत्यक्ष लाभ लिन नसक्ने सरकारी कार्यालय आदी उपभोक्ता समितिवाट गराउन नसकिने व्यवस्था छ । पालिकाले रु ३३११३०६।४८ को सम्झौता गरी वडा नं ८ को अधुरो वडा कार्यालय भवन उपभोक्ता समिति मार्फत गराईएको छ । मिति २०७८।१०।१० मा सम्झौता गरी ०७८।११।१५ सम्म(३५ दिनमा) सम्पन्न गर्नुपर्नेमा म्याद थप नभएको र सम्पन्न समेत नभै पुन अधुरै रहेको छ । उक्त कार्यको अनुगमन रिपोट तस्वीर गत वर्ष निर्माण कार्य खुल्ने नापी किताब आदी पेश नभएको हुँदा यस वर्ष उक्त निर्माण बापत रु ११२९९४२।० भुक्तानी भएकोमा सोको वास्ताविक प्रमाणहरु पेश हुनुपर्ने रु	१,१२९,९४२
२८			**नगरपालिका पुजिगततर्फ**	
२८.	१९८		आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले कृषकलाई वितरण गर्नभनी ६ थान चापकटर खरिद गरेवापत एस एम ट्रेडर्स एण्ड सप्लायर्सलाई कार्यालयको ८५ प्रतिशत अनुदान र ढुवानीसहित रु १९४७६० भुक्तानी गरेको छ। लागत अनुमान संलग्न छैन भने वितरणको कार्यविधिसमेत तयर गरेको छैन।कार्यालयवाट अनुगमन भएको पाइएन। अत अपेक्षित लाभग्राही छनोट हुनेगरी कार्यविधि तयारगरी कार्यक्रम संचालन हुनुपर्दछ र अनिवार्य रुपमा कार्यालयवाट यस्ता कार्यक्रमको अनुमगन हुनुपर्दछ।	
२८.२	११	२०७८-६-२	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ।नगरपालिकाले आव २०७५।०७६ को माटो पुर्ने र ट्रयाक खोल्ने कार्य गरेवापत माटो तथा ग्राभेल सडक उपभोक्ता समितिलाई रु ७५२१५३ भुक्तानी गरेकोमा लागत अनुमान एवम उपभोक्ता समिति गठनको निर्णय र सम्झौता भएको प्रमाण र प्रावधिक मुल्यांकन संलग्न छैन। आव २०७५।०७६ को कार्य भनिएकोमा २०७७।१२।२३ को भरपाईसंलग्न देखिन्छ। अत विगत ३ वर्ष अघिको कार्य यस वर्ष भुक्तानी दिनुपर्ने कारण सहित उपभोक्ता समिति गठन प्रकृयादेखि सम्झौतासम्मका प्रमाण र अनुगमन प्रतिवेदनसहितको प्राविधिक मुल्यांकन पेश हुनुपर्ने रु	७५२,१५३
२९			**उपभोक्ता समिति परिचालन**	
२९.१			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । यस बर्ष उपभोक्ता समिति मार्फत सँचालन गरेका योजनाहरुको लागत अनुमान, सम्झौता रकम, कार्यसम्पन्न रकम, भुक्तानी सहितको एकिकृत विवरण नगरपालिकाको योजना शाखासँग पटक पटक माग गरेकोमा पेश गरेको छैन जसले गर्दा लेखपारिक्षण योजना बमोजिम नमूना छनौट गर्न कठिनाइ भएको छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष नगरपालिका पुजिगततर्फ ९० वटा उपभोक्ता समिति मार्फत काम गराई रु. ३८६४५४६७.०२ भुक्तानी भएको देखिन्छ। सो मध्ये स्वीकृत वार्षिक कार्यालयगत योजना वमोजिम उपभोक्ता समितिवाट भएको कार्यको २५ प्रतिशत भुक्तानी रकमको नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका नगरपालिकाले उपभोक्ता	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः- क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन । ख) हेभि मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन । ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो । घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन । ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् । च) कार्यालयले अधिकास उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन ।अनुगमन समितिवाट अनुगमन गरेको भनिएकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन । छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ज) उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन । झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन । ञ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ। तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ । ट) उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धीकर योग्य सामानमा मूल्य अभिवृद्धीकर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धी कर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी सामान खरिदको विल र सोमा मूल्य अभिवृद्धीकर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धीकर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले नगरपालिकाको दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धीकर भुक्तानी भएको रकम यकिन गर्न सकिएन । यससम्वन्धमा नगरपालिकालेनै एकिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपभोक्ता समितिले पेश गरेको विलका केही उदाहरण निम्नानुसार छनः सामानको विवरण उपभोक्तालाई मूल्याङ्कन गर्दा दिएको मू.अ.कर सामान खरिदमा तिरेको मू.अ.कर फरक इटा प्रति गोटा १.९५ १.४३ ०.५२ सिमेन्ट प्रति बोरा ११३.७५ ८४.५ २९.२५ ठ) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी स्थानिय वासिन्दा रहेको परिचय खुल्ने प्रमाण संलग्न नभएकोले सम्बन्धित सेवा स्थानीय बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको भनी एकिन गर्न सक्ने आधार भएन। ड) केही उपभोक्ता समितिवाट कार्य गराउदा कार्यालयले आवश्यक कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको वा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफैंले निवेदन दिएको प्रमाण संलग्न देखिदैन। सार्वजनिक सूचना प्रकाशन भएकोमा समेत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम लगायतको विवरण खुलाएको देखिएन।यस्तासूचना वा निवेदकको अलग्गै अभिलेख राखेको पाइएन। ढ) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन। दर्ता वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ । ण) उपभोक्ता समितिले निर्माण गरेका भनिएको कतिपय योजनाहरुमा के कतिमात्रामा कस्तो गुणस्तरको कार्य भएको सम्वन्धमा नगर उपप्रमुखवाट अनुगमन भएको प्रतिवेदन संलग्न गरेको पाइएन। नगरउपप्रमुखवाट अनुगमन वेगर भुक्तानी दिने कार्यमा नियन्त्रण गरिनु पर्दछ। त) कार्यालयले पेश गरेको लागत अनुमान एवम प्राविधिक मुल्याकंनमा कहिकतै मिति उल्लेख नभएकाले लागत अनुमान	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्वीकृति र समयमै कार्य भए नभएको सम्वन्धमा एकिन हुने आधार रहेन। थ) अधिकांस प्राविधिक मुल्यांकन गर्दा नापी ठेक्का विल र कार्यसम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्यसम्पन्न भएको एकिन गर्न नसकिने हुदा नापी र कार्यसम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेखगरी अलग्गै अभिलेख राख्नुपर्दछ। द) नगरपालिकाले उपभोक्ता समितिलाई भुक्तानी गर्दा कतिपय भुक्तानीमा वडाको सिफारिस संलग्न भएको पाइएन भने कानुन वमोजिम नगरउपप्रमुखवाट अनुगमन वेगरनै भुक्तानी गरेकोले यस्ता कार्यमा नियन्त्रण गरिनुपर्दछ। ध) उपभोक्ता समितिले पेश गरेका कतिपय विल भरपाई डोर हाजिरमा मिति र अवधि नखुलेको तथा प्रमाणित समेत नभएको देखिन्छ। न) कार्यालयले सडक निर्माण लगायतको कार्यमा समेत भवनको नर्मस प्रयोगगरी लागत अनुमान वनाएको देखिन्छ।प्राविधिक ज्ञानको सिमितताले गर्दा कार्यको प्रकृति वमोजिम भन्दा फरक नर्मस प्रयोग गर्दाको वढी व्ययभार परेको रकम विश्लेषण गरिएको छैन।कार्यको प्रकृति वमोजिमको नर्मसको प्रयोग गरिनु पर्दछ।	
२९.२	१		सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ। कार्यालयले वाड न ६ मा वडा कार्यालयको जग्गासम्म सडकको नया ट्रयाक र माटो तथा ग्राभेल गत आव भुक्तानी भनी आव २०७५।०७६ मा कार्य गरेवापत माटो तथा ग्राइभेल सडक निर्माण उपभोक्ता समितिलाई रु ७७५९७९ भुक्तानी गरेकोमा लागत अनुमान तथा प्राविधिक मुल्याकंनसंलग्न नभएकोले लागत अनुमान र प्रावधिक मुल्याकंनको प्रमाण पेश हुनुपर्ने रु	७७५,९७९
२९.३	१०	२०७८-६-१२	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा	२१६,८७८.७१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ। कार्यालयले वाड न ६ मा वडा कार्यालयको वाटोमा माटो पुर्ने तथा सडक स्तरोन्नति गर्ने कार्यको लागि गत आवको भुक्तानी वाकि शिर्षकवाट माटोको कामवापत रु २१६७८७।७१ सहित रु ८७४३७७ माटो तथा ग्राभेल सडक निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ।उपभोक्ता समितिले पेश गरेको खर्चको विल भरपाई र खर्च सार्वजनिकीकरण लगायतमा माटो वापतको कार्य गरेको प्रमाण संलग्न देखिदैन।अत माटो वेगरको ग्राभेलको कार्यसमेत भए नभएको सम्वन्धमा कार्यालयवाट एकिन हुनुपर्ने एवम विलभरपाई र खर्च सार्वजनिकीकरण गर्दा समेत पुष्टी गर्ने प्रमाण नदेखिएको माटोवापतको कार्यको भुक्तानी थप पुष्टी गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा माटोवापत रकम असुल हुनुपर्ने रु	
२९.४	१३५ र २४१		सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ।कार्यालयले वाड न १ को कौरैयामा राम जानकी मन्दिर निर्माण कार्यवापत श्री राम जानकी मन्दिर निर्माण उ.स.सु नपा १ लाई रु ७७५०९४ भुक्तानी गरेकोमा नापी किताव पेश भएको छैन। भुक्तानीको निमित्त वडा कार्यालयको सिफारिस र नगरउपप्रमुखले अनुगमन गरेको प्रतिवेदनसमेत संलग्न छैन।खर्च सार्वजनिकीकरणमा समेत उपभोक्ता समिति सचिवकै हस्ताक्षर देखिदैन। अत विल भरपाई वेगरको पिएस आइटमको भुक्तानी असुल हुनुपर्ने एवम प्राविधिक मुल्यांकंन सहितको वडाको सिफारिस र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु	७७५,०९४
३०			**सेन्सरवत्ती जडान**	
३०.१			सडकमा सेन्सर वत्ती जडानः नगरपालिकाले यस वर्ष विभिन्न विधिवाट पटक पटक सेन्सर वत्ती खरिद गरेकोमा विगतका वर्षहरुमा र यसवर्षगरी के कति सोलार वत्ती खरिद गरी जडान गरेको सम्वन्धमा अलग्गै अभिलेख राखेको पाइएन। हालसम्म जडान भएका वत्तीको अवस्था के कस्तो रहेको सम्वन्धमा अनुगमन गरेकोसमेत देखिदैन। वत्ती खरिद गर्दा सामाग्रीको वृस्तित स्पेसिफिकेसन नखुलाई खरिद गरेको देखिन्छ। सामाग्री खरिदको इन्सपेक्सन रिपोर्ट र गुणस्तरियताको प्रमाणपत्रसमेत संलग्न नभएकोले पेशहुनुपर्दछ। सार्वजनिक खरिद नियमावलीको ११५ वमोजिमको प्राविधिक स्पेसिफिकेसन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराइएको पाइएन। वत्ती जडान	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेकोमा जडानको प्राविधिक मुल्यांकनमा कहा कुन स्थानमा कति वत्ती जडान गरेको नापीमा उल्लेख नगरी एकमुष्ट मुल्यांकन गरेको देखिन्छ। सम्वन्धित लाभग्राहीको वारेमा कहिकतै उल्लेख गरेको पाइदैन।नगरपालिकाले पडागत रुपमा नगरसभावाट वजेट विनियोजन गरेको र सोही वमोजिम वडाको माग अनुसार विभिन्न समयमा खरिद गर्नुपरेको भनिएकोमा उपभोक्ता समितिवाट, विभिन्न आपुर्तकवाट कोटेशनको आधारमा र केहीमा वोलपत्र र शिलवन्दी दरभाउपत्रको माध्यामवाट खरिद गरेको देखिन्छ। सेन्सर वत्तीजस्तो टिकाउहुने सामाग्री टुक्रा नगरी वार्षिक खरिद योजन तयारगरी प्रतिस्पर्धात्मक तवरले खरिद गरिनुपर्दछ।। नेपाल विधुत प्राधिकरणका पोलहरुमा जडान गरेकोमा प्राधिकरणसंग अलग्गै औपचारिक सम्झौता समेत भएको देखिदैन।अत कार्यालयको आवस्यक्ता वमोजिमको स्पेसिफिकेसनका गुणस्तरिय सामाग्री खरिद भएको र खरिदमा प्रतिस्पर्धा भएको भन्ने आधार रहेन। नगरपालिकाले यस्ता खप्ने प्रकृतिका सेन्सरवत्ती जस्ता सार्वजनिक सम्पतिको खरिदगर्दा खरिद योजना वनाई स्पेसिफिकेसनको आधारमा प्रतिस्पर्धात्मक विधिवाट मित्तव्ययी तवरले गुणस्तरिय सामाग्री खरिद गर्नुपर्दछ भने यस्ता सार्वजनिक सम्पतिको अलग्गै अभिलेख अधावधिकगरी समयसमयमा अनुमगन गरिनुपर्दछ।	
३०.२			नगरपालिकाले वोलपत्रको माध्यामवाट सडक वत्ती खरिद गरेकोभनी पुन्य नेत्र सप्लायर्सलाई रु ४९७००१७।९८ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन। १। लागत अनुमान तयार गर्दा खरिद ऐन तथा नियमावली वमोजिमको आधार लिएको नदेखिएको र सामाग्रीको प्राविधिक स्पेशिफिकेसनसमेत नखुलाएको। २। वडाले सेन्सर वत्ती माग गरेको अनुरोधपत्र र कार्यसम्पन्न भई भुक्तानी गर्नको निमित्त सिफारिस गरेको पत्र संलग्न नभएको ३। अनुगमन प्रतिवेदन संलग्न नभएको ४। प्रभाव दैनिक जस्तो स्थानिय र सिमित वजार रहेको पत्रिकामा निकै सानो आकारमा सुचना प्रकासन गरेको	४,९७०,०१७.९८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			५। जडानको नापी किताबमा कहा कुन स्थानमा जडान गरेको नखुलेको अत कहा कुन स्थानमा के कति मात्रामा वत्ती जडान गरेको खुल्ने विवरण सहितको प्राविधिक मुल्यांकन एवम वडाको सिफारिस पत्र र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु	
३१			**नपा पुजीगत**	
३१.१			**अधुरो निर्माणहरुः** सार्वजनिक खरिद नियमावली २०७४ को नियम १२० मा पर्याप्त कारणहरु भएमा निर्माण कार्यमा म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाको यस वर्ष ठेक्का लगाईएका निम्नानुसार कार्यहरुको कार्य सम्पन्न पनि नभएको, म्याद थप पनि नभएको स्थिति देखिन्छ । यसरी समयमा निर्माण कार्य सम्पन्न नभै निर्माण व्यावसायीलाई कुनै कारवाहि समेत नगरी निर्माण कार्यहरु अधुरै रहने गरेको, आगामी वर्षमा अधुरो भवन निर्माण भनि बजेट विनियोजन गर्ने गरेको यस वर्ष सम्पन्न कार्यको नापी किताव लुज सिटमा राखी अर्को वर्ष सो परिक्षण गर्न नसकिने स्थिति रहेको हुँदा यस्ता निर्माण कार्य अधुरो रहनु र म्याद समेत नहुनुमा कार्यालय समेत जिम्मेवार रहनुपर्दछ ।	

कार्य	सम्झौता रकम	निर्माण व्यवसायी	भुक्तानी रु	अन्तिम म्याद	व्यहोरा
वडा नं ११ को अधुरो भवन निर्माण कार्य	५२७०४००।०	एस एम एस सन्स	३७९५१०८।०	०७९।३।१५	गत वर्षको अधुरो भनी यस वर्ष थप कार्य गरेकोमा यस वर्ष पनि अधुरै
वडा नं ६ को अधुरो वडा भवन निर्माण कार्य	३७००६७५	फत्ते निर्माण सेवा	२६९५३०५	०७९।३।१९	गत वर्षको अधुरो भनी यस वर्ष थप कार्य गरेकोमा यस वर्ष पनि अधुरै

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा नं २ मा वाउण्ड्री वाल निर्माण</td><td>३२००१९२।०</td><td>पि आर कसन्ट्रक्सन</td><td>२५०७९२९।०</td><td>०७९।३।१५</td><td>गत वर्षको अधुरो भनी यस वर्ष थप कार्य गरेकोमा यस वर्ष पनि अधुरै</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>नपा पूर्जीगत

ल्याव टेष्ट रिपोर्टः सार्वजनिक खरिद नियमावलीको नियम ११५ वमोजिम परिक्षण गरिएको सामानको सम्बन्धित प्रमाण संलग्न गरी मात्र भुक्तानी दिनुपर्दछ । पालिकाले ठेक्का नम्बर एनसिवि ५६।०७७।७८ का निर्माण व्यवसायी एस एम एण्ड सन्स कन्सट्रक्सनलाई निर्माण सामग्री परिक्षण वापत रु २५०००।०(पिएस आइटम) भुक्तानी दिएकोमा नीज निर्माण व्यावसायीले ठेक्का ५४ को निर्माण सामग्रीको परिक्षण रिपोट संलग्न गरेको हुदाँ सो असुल गर्नुपर्ने रु</td><td>२५,०००</td></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर विजकः मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ एव नियमावली २०५४ को नियम १७ वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताले अनुसुचि ५ मा उल्लेख भए बमोजिम रितपुर्वकको कर विजक जारी गर्नुपर्दछ । पालिकाले निम्नानुसार गो.भौ मिति वाट भुक्तानी दिएको विजकमा विक्रेताले कर विजक नभनी विजक मात्र उल्लेख गरेको हुँदा सो विजकवाट नीजले प्रप्त गरेको कर समायोजन गरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

<table>
<tr><th>गो भौ मिति</th><th>विक्रेता</th><th>विजक मूल्य</th><th>मूअकर</th><th>कर विक नं/ मिति नभएको</th></tr>
<tr><td>२१।०७८।८।२४</td><td>एस एम एप सर्न्स</td><td>६५०९८१।९१</td><td>८४६२७।६५</td><td>०४/मिति नभएको</td></tr>
<tr><td>७२।०७८।११।३०</td><td>एस एम एप सर्न्स</td><td>२२७५०८४।३०</td><td>२८९२६०।९७</td><td>०७/मिति नभएको</td></tr>
</table>
</td><td>४३०,७९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१३६।०७९।१।२५</td><td>एस एम एप सर्न्स</td><td>४३८२५०।८५</td><td>५६९०२।६१</td><td>१२/मिति नभएको</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>४३०७९१।०</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शिक्षा</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>वितरण भरपाईः शिक्षा विका तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ बमोजिम दिवा खाजा, पाठ्यपुस्तक, छात्रावृत्ती लगायतका निकासा दिदा सो रकम विद्यालयमा खर्च गरेको तथा वितरण गरेको भपाई पालिकाले माग गरी अध्यावधिक रारव्रुपर्ने व्यवस्था छ । यस पालिकामा खर्च लेखिएका उक्त रकमको पाठ्यपुस्तकक केही विद्यालयवाट भपाई प्राप्त भएको र दिवा खाजा तथा छात्रावृत्तीको कुनै पनि विद्यालयवाट विद्यार्थीलाई वितरण गरेको प्रमाण प्राप्त हुन आएको पाइएन । तसर्थ नगरपालिका जिम्मेवारी भै यस सम्वन्धमा अनुगमन गरी भर्पाइ दुरुस्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>खाजा खर्चः ४३।०७८।११।८ अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम विभिन्न तालिम कार्यक्रम संचालन गर्दा सहभागी संख्या र थप ५ जना सम्मलाई खाजा खर्च वापत रु २०० का दरले खर्च लेख्न सकिने व्यवस्था छ स्वास्थ्य संयोजक दर्शन चौधरीको सामुदायिक महिला स्वय सेवीकालाई वृहत पोषण अभिमुखीकरण तालीम वापत रु २७४४००।० खर्च मध्ये ३ वटा कार्यक्रम संचालन(०७८।१०।३ देखि ५, ०७८।१०।८ देखि १० र ०७८।१०।१३ देखि १५ सम्म) गर्दा ८३ जना सहभागी भएकोमा थप १५ जना समेत २६४ जनाको खाजा खर्च लेख्नुपर्नेमा ३१२ जनाको खर्च लेखेकोले ४८ जनाको बढीको रु २०० का दरले बढी खर्च रकम असुल गर्नुपर्ने रु</td><td>९,६००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>स्वास्थ्य</td><td></td></tr>
<tr><td>३३.</td><td></td><td></td><td>औषधी खरिदः सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५ मा सावजिनक निकायले एक लाख रुपैया भन्दा बढी रकमको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>मालसामान, खरिद गर्दा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २० लाख रुपैयासम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सुचना प्रशासन गरी तोकेको विक्रि मुल्यमा सोझै खरिद गर्न सकिने, नियम ८४(१क) मा रु ५० लाख रुपैंया सम्मको औषधीजन्य मालसान सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले खुल्ला कोटेशन मार्फत र सोझै खरिद गरेको पशु तथा मानव औषधि खरिद गरेकोमा देहायवमोजिमको कैफियत देखिएको छ ।

<table>
<tr><th>गो भौ न र मिति</th><th>विक्रेता</th><th>जम्मा रकम</th><th>कार्यक्रम</th></tr>
<tr><td>२४२, २०८७।१२।१६</td><td>आर के भेटेनरी</td><td>४०००००</td><td>पशुपंक्षको लागि औषधि खरिद</td></tr>
<tr><td>२७३,२०७८।१२।२९</td><td>विसाल भेटेनरी औषधी पसल</td><td>१६५०००</td><td>पशु स्वास्थ शिविर तथा वाझोपन नियन्त्रण कार्यक्रम</td></tr>
<tr><td>२८१,२०७८।११।३०</td><td>राधिका भेटेनरी पसल</td><td>९९७८८</td><td>पशु स्वास्थ शिविर औषधि समेत</td></tr>
<tr><td>२९३, २०७९।१।९</td><td>यशोदा भेट फार्म</td><td>२०००००</td><td>आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण खर्च</td></tr>
<tr><td>३३९,२०७९।२।२०</td><td>पि.एस.वि.एल.ग्रुप प्रा लि</td><td>२३००००</td><td>केमिकल तथा अन्य सामाग्री खरिद</td></tr>
</table>

• रु एक लाख भन्दा माथिको खरिद गर्दा लागत अनुमान तयार नगरी खरिद गरिएको ।

• आपुर्ति हुने औषधीको डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याज नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि विक्रिको लागि हो होइन खुलाएको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रमाण समावेश नभएको ।	
३३.२			**स्वास्थ्य कर्मिहरुलाई फिल्ड भत्ताः** फिल्डमा खटिने कर्मचारीलाई फिल्ड भत्ता दिन व्यवस्था छैन ।यस पालिका अन्तर्गत रहेका स्वास्थ संस्थाहरुबाट फिल्डमा खटिने स्वास्थकर्मीहरुलाई फिल्डमा कार्यवापत फिल्ड भत्ता वापत गो.भौ.न २२७ मिति २०७८।१२।१४ वाट रु १८९००० र गौ.भौ.नं. ४१९ मिति २०७९।३।२२ वाट रु १८९००० गरी जम्मा ३७८००० रुपैया कर्मचारीहरुलाई वितरण गरेको देखिन्छ । अक्त रकम नियम विपरित खर्च देखिएकोले असुल गर्नुपर्ने रु	३७८,०००
३३.३	३०३।२०७९।१।२२		**स्वास्थ्य शिविरः** नगरस्तरिय विशेषज्ञ सहितको शिविर सञ्चालन शीर्षकको रु ५९०४०० र पाठेघर तथा क्यानसर शिविर सञ्चालन शीर्षकको रु ४००००० गरी जम्मा ९९०४०० वरावर रकमको ३ दिने स्वास्थ शिविर सञ्चालन भएको देखिन्छ । नगरमै १३१० जमा सेवाग्राही भिडियो एक्सरे, इ.सि.जि, प्याप स्मेयर जस्ता सेवा पाउनु सुखद पक्ष हो । यस शिविरमा रेडियोलोजि, प्याप स्मेयर लगायत प्रदान गरेको सेवाको मुल्य रु ३ लाख ८० हजार र ओषधि खरिदको रु २ लाख भएको र वाकी रकम अन्य खाजा, खाना, नगरप्रमुख, उपप्रमुख, कार्यालय प्रमुख, लेखा प्रमुख लगायत कर्मचारी भत्ता र विविध शिर्षककमा खर्च भएको देखिन्छ । कार्यालयले यस्ता कार्य गर्दा आवश्यक खर्च गरी अनावश्यक खर्च लाई न्युनिकरण गरि खर्चमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ ।	
३४			**परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर नगरपालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा रु.२१०७६७१ खर्च लेखेको छ। डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट छैन।अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत देखिएन। आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ भने प्रतिवेदनको उपयोग हुनुपर्दछ।साथै परामर्श सेवा खरिद गरेकोमा कैफियतमा उल्लेखित प्रमाण पेश हुनुपर्ने एवम एकै प्रकृतिको कार्यलाई टुक्रापारी खरिद गरेको नियमित नभएको रु	२,१०७,६७१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

भौ.नं./मिति	फर्मको नाम	विवरण	खर्च रकम	कैफियत
६२-०७८।११।१३	आदित्य कन्सल्टयान्ट प्रा.लि.	वाड न २ को स्वास्थ्य चौकी भवनको डिपिआर निर्माण	४९१५५०	लागत अनुमान तयारीको आधार र दाखिला प्रतिवेदन पेश हुनुपर्ने
६३।०७८।११।१३	अदिति कन्सल्टयान्ट प्रा.लि.	वाड न ७ को स्वास्थ्य चौकी वर्थिंग सेन्टर भवन निर्माण डिपिआर	७४११२१	लागत अनुमान तयारीको आधार र दाखिला प्रतिवेदन पेश हुनुपर्ने
१७९।०३।०७	सेन्टर फर सष्टेनेवल डेभलपमेन्ट स्टडिज	इआइए स्टडिज	८७५०००	लागत अनुमान तयारीको आधार र दाखिला प्रतिवेदन पेश हुनुपर्ने
	जम्मा		२१०७६७१	

</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>

कोटेशनवाट खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली (एघारौ संसोधनसमेत)मा रु.१० लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ। तर सुत्रवाट प्राप्त विवरण अनुसार नगरपालिकाले यो वर्ष नगरपालिका पुजिगतवाट सडक मर्मत विधुतिकरण र माटो ग्राभेललगायतको कार्य गराउदा प्रतिस्पर्धात्मक विधि नअपनाइ एकै प्रकृतिका वस्तु तथा सेवालाई विभिन्न समयमा टुक्रा गरी प्रतिस्पर्धावाट वंचित हुने गरी विभिन्न निर्माण व्यवसायीवाट कोटेशनमार्फत खरिद गरेको नियमसंगत नदेखिएको रु

भुक्तानीपाउने	गरेको कार्य	जम्मा रकम

</td><td>२,८८७,८५१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अंशुकानिर्माण सेवा प्रा.लि.</td><td>माटोग्राभेल कार्य</td><td>४६८३२७</td></tr>
<tr><td>प्रदीपकन्स्ट्र्रक्सन</td><td>माटोग्राभेल कार्य</td><td>३८१०५९</td></tr>
<tr><td>संजयनिर्माण सेवा</td><td>विधालयकोकम्पाउण्डमा माटो पुर्ने कार्य</td><td>३७९९९६</td></tr>
<tr><td>नाङ्गछोकन्स्ट्रक्सन</td><td>विधुतिकरणकार्य</td><td>४११३११</td></tr>
<tr><td>डानपानिर्माण सेवा</td><td>विधुतिकरणकार्य</td><td>३९११२१</td></tr>
<tr><td>बजरंगकन्स्ट्रक्सन</td><td>सडक मर्मतकार्य</td><td>४७८४४८</td></tr>
<tr><td>स्वास्तिककन्स्ट्रक्सन</td><td>सडक मर्मतकार्य</td><td>३७७५८९</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२८८७८५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>गैह्र सरकारी संस्थावाट काम गराएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सवलिकरण, मुल प्रावधिकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्ने सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा त्यस्तो कामको आवश्यक, किसिम, समयावधि, कामको गुणस्तर, जशक्ति, कार्य संचालन बिधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने तथा ९९(२) मा उक्त कार्य गाराउनको लागि त्यस्तो काम गर्न उद्धेश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीय स्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने तथा नियम ९९(५) मा कार्यक्षेत्रगत शर्त पूरा गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव शिफारिसको आधारमा सार्वजनिक निकायले प्रस्ताव स्वीकृत गरी सम्झौता गरेर कार्य आदेश दिनुपर्ने व्यवस्था छ । यसैगरी सोहि</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
नियमावलीको नियम ९९ मा कुनै खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थाई लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयमा देहायवमोजिमका तालिकामा उल्लेखित कार्यक्रम गर्दा निम्न वमोजिमको कैफियत देखिएकोले पालिकाले यस्तो कार्यहरुमा ध्यान दिनुपर्दछ ।

• लागत अनुमान तयार नगरी कार्यक्रम गरेको,

• १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानिय स्तरको दैनिक समाचार पत्रमा सुचना प्रकाशन गरी सो संस्थावाट प्रस्ताव माग गर्नु पर्नेमा सो नगरीएको,

• कार्यक्रमको उद्देष्य र गैर सरकारी संस्थाको उद्देश्य विच तालमेत नभएको जस्तै ड्राईभिङ्ग तालिम नारी सशत्तिकरण केन्द्र नेपाल नामक संस्थावाट संचालन भएको
• यसरी कार्यक्रम गर्दा प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को नियम १५ अन्तर्गत अनुसुचि २ वमोजिम प्रशिक्षण भत्ता, सहभागि भत्ता, स्टेशनरी खर्च, खाजा खर्च तोकिएको दरमा गर्नु पर्ने यदि निर्धारित दर भन्दा अधिक दरमा खर्च गर्नु परेमा आर्थिक मामिला तथा योगजना मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खर्च गर्नु पर्ने व्यवस्था रहेको सन्दर्भमा यस कार्यालयमा कार्यक्रम गर्दा प्रशिक्षण भत्ता, खाजा खर्च, लगायतका शीर्षकका तोकिएको दर भन्दा वढि खर्च लेखि गैर सरकारी सस्था वाट प्राप्त विल वमोजिम भुत्तानी भएको देखिन्छ ।

<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>कार्यक्रम</th><th>कार्यक्रम गर्ने संस्था</th><th>जम्मा खर्च</th></tr>
<tr><td>२०८, २०७८।११।२०</td><td>निर्वाचित महिला पदाधिकारीलाई सकारात्मक सोच सम्वन्धि तालिम</td><td>विकासका लागि सहयोगि हातहरु</td><td>३९९९९९</td></tr>
<tr><td>२६६, २०७८।१२।२९</td><td>युवाहरुका लागि हाउस वाइरिङ्ग तालिम</td><td>ग्रामिन वातावरण विकास तथा गरिवि उन्मुलन संस्था नेपाल</td><td>३९१२३०</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	महिला)	काठमाण्डौ	
२७२, २०७८।१२।२९	समुदाय स्तरमा खानेपानी तथा सरसफाई कार्यक्रम	विकासका लागि साझा पहल	४८७२१६
२९०, २०७९।१।६	न्यायिक समिति कार्यक्रम	वालवालिका तथा युवा सशत्तिकरण नेपाल राजविराज	४३५००५०
२३६, २०७९।२।३	वातावरण मैत्रि जिवनपद्दति सम्वन्धि सचेतना कार्यक्रम	होम फाउन्डेसन नेपाल	१४००९०
३३६, २०७९।२।१९	लक्षित वर्ग उत्थान तथा विकास कार्यक्रम	युथ वेलफेयर सोसाईटि नेपाल	९९९९९
४३३, ०७९।३।२४	वालविकास सम्वन्धि वाल मैत्रि सुचक कार्यान्वयन	मिलन नेपाल	३३९२५०
४९३, २०७९।३।२५	बालमैत्रि स्थानिय शासन कार्यक्रम	समाज विकास तथा वातावरण संरक्षण केन्द्र नेपाल	४९८४४३
१८८।०७८।११।९	दलित महिला संघ	दलित महिलालाई कृष्टल वनाउने तालिम	१९९९००।०
१८७।०७८।११।९	जनचेताना दलित संगम	तालिम	९४०३५।०
१४३।०७८।१०।११	महिला वालवालिका तथा युवा सशक्तिकरण नेपाल	महिलाहरुलाई साडीमा बुटिक तथा कटिङ तालिम	४४९७४०।०
१४२।०७८।१०।११	समाज विकास तथा वातावरण	विपन्न वर्गका युवालाई तालिम	४९९४६०।०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	संरक्षण केन्द्र नेपाल		
४८।०७८।७।१५	महिला वालवालिका तथा युवा सशक्तिकरण नेपाल	सहकारीता सम्वन्धि क्षमता विकास कार्यक्रम	४९८४४०।०
८।०७८।६।८	सेभ द नेपाल	भाइरस विरुद्ध जनचेतना	४०१४०५।०
	जम्मा		९१९८२५७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**अमानत बाट कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गराउदा एक तह माथिको अधिकारीको स्वीकृति लिनुपर्ने, त्यस्तो रकम १ लाख भन्दा बढी हुन नहुने र अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रकृया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न सडकहरुको मर्मत सम्भार कार्य अमानतबाट गर्दा अमानतबाट कार्य गराउने सम्वन्धमा कुनै निर्णय भएको देखिएन । साथै कार्य गराउदा नगरपालिकाले पटक पटक अमानतबाट गराएको पाइयो । यस्तो कार्यको प्रभावकारी अनुगमन तथा गुणस्तर नियन्त्रणको कार्यमुलक संयन्त्र समेत रहेको नपाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । अमानतबाट कार्य गराएका केही उदाहरणहरु देहाय बमोजिम छनः	

गोभौ मिति	योजनाको नाम	खर्च रकम
८।०७९।३।५	साविक पिप्रा पश्चिमबाट वडामा वाटो मर्मत	९६७६७।०
१३।०७९।३।२५	वडा नं ४मा ह्यूम पाइप जडान कार्य	९७०७१।०
१४।७९।३।२५	वडा नं ३ को विभिन्न ठाउमा वाटो मर्मत	९९८५७।०
१५।०७९।३।२५	वडा नं ११ मा मर्मत सम्भार कार्य	६३४२८।०
१६।०७९।३।२५	वडा ३ विभिन्न ठाउमा बाटो मर्मत	९६८८७।०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१७।०७९।३।२५ — वडा ४ मा सडक मर्मत — ८७१२६।० १८।०७९।३।२५ — मर्मत कार्य — ९५४९५।०	
३८	१३५।०७८।९।२७		**गैर सरहकारीलाई कामः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले समाज विकास क्रियासिल नेपाल लाई सम्झौता अनुसार नगरपालिका भित्र कम्तिमा ५ वटा सहकारी संस्था स्थापना गर्न आवश्यक सम्पूर्ण प्रकृया पुरा गरी नगरपालिकामा दर्ता गर्न पर्ने गरी रु ४९४७०१।० भुक्तानी गरेकोमा क्रियासिल नेपालले ५ वटा संस्था सम्पूर्ण प्रकृया पुरा गरी नगरपालिकामा दर्ता गरेको पाइएन । उक्त संस्था दर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु	४९४,७०१
३९			**नगरपालिका पुजिगततर्फ निर्माण**	
३९.१	४३	२०७८-१०-१८	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ। कार्यालयले विभिन्न साइजका रिग खरिद गरेवापत हयाप्पी सप्लायर्सलाई रु ४८५९०० भुक्तानी गरेकोमा लागत अनुमान र प्राविधिक मुल्यांकन संलग्न नभएकोले कहा कुन स्थानमा के कति रिग कुन प्रयोजनमा प्रयोग भएको खुल्नेगरी प्राविधिक मुल्यांकनसहितको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु	४८५,९००
३९.२	२३५		सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ। नगरपालिकाले कुशाहा गुदरी पुरानो वजारदेखि पूर्वपटी ज्याउल मियाको घरसम्म आरसिसि ढलान तथा लोकमार्गदेखि	४७४,६५१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दक्षिण नया गदरी वजारसम्म माटो पुर्ने काय गरेवापत तुलसी कन्सट्रक्सनलाई रु ४७४६५१ भुक्तानी गरेकोमा प्राविधिक मुल्यांकन र लागत अनुमान पेश नभएकोले नगरउपप्रमुखको अनुमगन प्रतिवेदन सहितको प्राविधिक मुल्यांकन र लागत अनुमान पेश हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>टुक्रा खरिद– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली (एघारौ संसोधनसमेत)मा रु.१० लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ।यस्तै नियमावलीको नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सार्वजनिक नियकाले नियम ९ र सम्वन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्दछ भने ऐनको दफा ४० को उपदफा २ मा मा शिलवन्दी दरभाउपत्र माग गर्नुअघि खरिद गर्ने मालसामान निर्माण कार्य वा अन्य सेवाको स्पेशिफिकेसन गुणस्तर परिमाण आपूर्तिका शर्तहरु र समय तथा अन्य आवश्यक कुराहरुको विवरण स्पष्टरुपमा उल्लेखगरी शिलवन्दी दरभाउपत्रको फारम तयार गर्नुपर्ने व्यवस्था छ। तर नगरपालिकाले यो वर्ष नगरपालिका पुजिगतवाट सडक सेन्सरवत्ती खरिद गर्दा लागत अनुमानमा स्पेसिफिकेसन खुलाएको देखिएन भने सडक वत्ती लगायत अन्यमालसामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ वडागतरुपमा योजना रहेको र वडाको माग वमोजिम आवस्यक्ताको आधारमा खरिद गरिदै गएको भनी विभिन्न समयमा प्रतिस्पर्धावाट वंचित हुने गरी खरिद गरेको देखिन्छ। केही नमुना परिक्षण गर्दा कैफियतमा उल्लेखित प्रमाण उपलव्ध नभएकोले प्रमाण पेशहुनुपर्ने एवम टुक्रा गरी खरिद गरेको नियमित नभएको रु
<table>
<tr><th>गोभौ न र मिति</th><th>आपुर्तकको नाम</th><th>खरिद गरिएको सामाग्रीको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१२६।०१।०४</td><td>कानुन इन्टरप्राइजेज</td><td>५० वाटको ४६ थान सडक सेन्सर वत्तीसेट</td><td>९५०५०६.२८</td><td>कहा कुनस्थानमा केकति जडान गरेको विवरण खुल्ने नापी पेश हुनुपर्ने</td></tr>
</table></td><td>३,३४४,८७३.२८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३८।१०।१२</td><td>ढकाल इलेक्ट्रोनिक्स</td><td>५० वाटको थान सडक सेन्सर वत्तीसेट जडान</td><td>४९५७८७</td><td>कहा कुनस्थानमा केकति जडान गरेको विवरण खुल्ने नापी पेश हुनुपर्ने</td></tr>
<tr><td>११७।०१।०६</td><td>सनराइज कम्प्युटर</td><td>विधालयहरुको निमित्त कम्प्युटर तथा प्रिन्टर खरिद</td><td>९७०९६५</td><td>विधालयले मागगरेको पत्र तथा वितरणको भरपाई पेश हुनुपर्ने</td></tr>
<tr><td>५९।११।०४</td><td>इन्टरफेस कम्प्युटर</td><td>४ थान कम्प्युटर खरिद</td><td>४२७१४०</td><td>लागत अनुमान र दाखिला प्रतिवेदन पेश हुनुपर्ने</td></tr>
<tr><td>३६।०९।२५</td><td>लहान सिसिटिभी सेन्टर</td><td>सिसिटिभी जडान</td><td>३११५४१</td><td></td></tr>
<tr><td>४८।१०।२४</td><td>लहान सिसिटिभी सेन्टर</td><td>सिसिटिभी जडान</td><td>१८८९३४</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३३४४८७३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ताः सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा २६ वमोजमिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोहि आर्थिक वर्षमा खर्च नभएमा आर्थिक वर्षको अन्यमा रकम फिर्ता गर्नु पर्ने व्यवस्था छ । यो वर्ष समाजिक सुरक्षा भत्ता वितरणको लागि सवै वडामा गरि एनएमबि बैंक लिमिटेड वैकलाई निकासा भएको रकम उक्त वित्तिय संस्थाले भत्ता वितरण गरी वाकि रहेको रकम रु ५९७७०४७।।० लेखापरीक्षण अवधि सम्म पनि नगरपालिकामा फिर्ता नगरेको भनि औल्याइएको र सोही बमोजिम मस्यौदा प्रतिवेदनमा जारी गरेकोमा कार्यालयबाट एन.एम.वि बैकको मिति ०७९।७।२२ को प्रत्र पेश भई सामाजिक सुरक्षा वापतको रकम रु १७८५४०६७५।० मध्ये रु १७७४९३५०५।० लाभग्राहीको खातामा प्रविष्टि गरी बाँकी रु १०४७१७०।० मात्र रहेको र सो रकम ०७९।७।२० मा कोष तथा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको व्यहोराको पत्र तथा बैक भौचर पेश NAMS मा अपलोड गरेको छ । सामाजिक सुरक्षा बापतको रकम लाभग्राहीको खातामा जम्मा गरी समयमै बार्कि रकम फिर्ता गरिनुपर्दछ ।	
४१.२			**जेष्ठ नागरिक सम्मान कार्यक्रमः** जेष्ठ नागरिक कार्यक्रम संचालन शीर्षक वाट रु २५०००० र अन्य कार्यक्रम संचालन खर्च वाट रु ६२१६०।० रकम गरि जम्मा ३१२१६० वजेट रकम जेष्ठ नागरिकलाई सम्मान गर्नका लागि महाविर वस्त्रालयवाट पोलर वेडसिट रु ८५० को दरले ३२५ वटा वेडसिट खरिद गरी २९८ वटा मात्र जेष्ठ नागरिकलाई वितरण गरेको भरपाई प्राप्त भएको र वाकि २७ वटा वेडसिट वितरण नै नगरी हालसम्म पनि मौज्दात नै रहेको देखियो । यसरी आवस्यकता भन्दा वढि सामाग्री खरिद गरी मौज्दात राख्ने प्रवित्ति नियन्त्रण गर्नु पर्नुपर्दछ ।यथार्थपरक ढंगले लागत अनुमाण तयार गरी मितव्ययीतवरले कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।	
४२			**अनुदान**	
४२.१			**कृषि अनुदानः** पालिकाले कृषि विकास शाखामा अनुदानका लागि कृषक, कृषक समुह कृषक सहकारी छनौट तथा मूल्यांकन गर्न कार्यविधि तयार गरी सोही बमोजिम लाभग्राही छनौट, मुल्यांकन लगायत कार्य नगरी वडाले सिफारिस दिएको आधारमा कृषक छनौट गरी खर्च गरेको छ । कार्यविधि तयार नगरी मुल्याङ्कन तथा छनौट गर्दा वास्तविक लाभग्राही छनौट भई लाभान्वित भएका छन भन्न सक्ने अवस्था रहेन । अत कार्यविधि निर्माण गरी लाभग्राही छनौट, मुल्यांकन, खर्च सम्वन्धि सम्पूर्ण कार्यविधि अनुसार गरी कार्य गर्न र खर्च प्रभावकारी तथा पारदर्शी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।साथै वितरित वोकाहरु पशु चिकित्सकवाट स्वास्थ्यको परिक्षण समेत प्रमाणित भएको नपाईएको हुँदा सो एकिन गरी वितरण वितरण गरिनुपर्दछ । गो भौ मिति: ७४।०७८।८।२० ; कार्यक्रम: पशु स्वास्थ्य सिविर ; विवरण: औषधि ; अनुदान: शत प्रतिशत ; रकम: २०००००।०	

गो भौ मिति	कार्यक्रम	विवरण	अनुदान	रकम
७४।०७८।८।२०	पशु स्वास्थ्य सिविर	औषधि	शत प्रतिशत	२०००००।०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७८।००७८।८।२३</td><td>पशु कार्यक्रम</td><td>बोका वितरण</td><td>९० प्रतिशत अनुदान</td><td>६५००००।०</td></tr>
<tr><td>११०।०७८।९।१२</td><td>पशु आहार कार्यक्रम</td><td>जैघासको विउ वितरण</td><td>शत प्रतिशत</td><td>७६०००।०</td></tr>
<tr><td>१११।०७८।९।१२</td><td>पशु कार्यक्रम</td><td>तरकारी खेतिको लागि मिनिकिट खरिद</td><td>शत प्रतिशत</td><td>३५००००।०</td></tr>
<tr><td>१७४।०७८।११।४</td><td>कृषि कार्यक्रम</td><td>उन्नत घासको विउ वितरण</td><td>शत प्रतिशत</td><td>३९९०००।०</td></tr>
<tr><td>१४७।७८।१०।१२</td><td>कृषि कार्यक्रम</td><td>चार्जर स्प्रे वितरण</td><td>५० प्रतिशत</td><td>२०००००।०</td></tr>
<tr><td>१४७।७८।१०।१२</td><td>कृषि कार्यक्रम</td><td>प्याजको विउ वितरण</td><td>शत प्रतिशत</td><td>२५००००।०</td></tr>
<tr><td>१४७।७८।१०।१२</td><td>कृषि कार्यक्रम</td><td>च्याउ वितरण</td><td>५० प्रतिशत</td><td>६००००।०</td></tr>
<tr><td>१९६।०७८।११।८</td><td>महिला समुह कार्यक्रम</td><td>दराज तथा टेवल कुर्सी वितरण</td><td>शत प्रतिशत</td><td>१७६५००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२.२</td><td>१९४।०७८।११।१८</td><td></td><td>शैक्षिक अनुदानः शैक्षिक संस्थालाई अनुदान दिदा नगरसभावाट विनियोजन गरेर मात्र शैक्षिक अनुदान दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले शिशुवारी क्याम्पस, शिशुवारीलाई रु २५००००।० शैक्षिक अनुदान नगरसभावाट विनियोजन नभएको रकम निर्णयको गरी दिएको छ । यस्तो प्रकृतिको खर्चमा नगरपालिकाले नियन्त्रण गर्नुपर्दछ । कार्यक्रम वेगर खर्च रकम अनियमित देखिएको रु</td><td>२५०,०००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३. १			**पारिश्रमिक करः** आयकर ऐन २०५८ को दफा ८ बमोजिम रोजगारी प्राप्त ब्यक्तिको दफा ८७ बमोजिम आर्थिक ऐन २०७८ ले तोके भन्दा बढी आय भएमा पारिश्रमिक कर लाग्ने व्यवस्था छ रोजगार संयोजक श्री सुधीर चौधरीको वार्षिक आय रु ४९३८७०।० भएकोमा पारिश्रमिक छुट र जीवन विमाको रसिद अनुसार रु २५०००।० समेत कट्टा गरी खुद आय रु १८८७०।० को १० प्रतिशतले रु १८७०।० पारिश्रमिक कर लाग्नेमा सो कट्टा गरेको नपाइएको हुँदा सो असुल गर्नुपर्ने रु	१,८७०
४३. २			प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५(संशोधन सहित २०७८) एव कामका लागि पारिश्रमिकमा आधारित रोजगार कार्यक्रम अन्तर्गत पालिकाले कार्यक्रम संचालन गर्नुपर्दछ । यस वर्ष यस पालिकाले ११ वटा वडाहरु मध्ये ५ वटा वडामा मात्र कार्यक्रम संचालन गरी ३१२ जनालाई बढिमा १०० दिन सम्म रोजगारी दिई रु १३७७०६८२।० खर्च लेखेको छ । पालिकालाई जम्मा ३८८ जनालाई काममा लगाउने कार्यक्रम रहेकोमा ६ वटा वडामा कार्यालयमा वेरोजगार व्यक्तिलाई काममा लगाउदा पनि ३१२ जनालाई रोजगार दिएको छ । औषत ३६ जना प्रत्येक वडावाट काममा लगाइनुपर्नेमा कुनै वडामा कार्यक्रम नै नगरिनु र कुनै वडामा बढी दिन रोजगारी दिईनु उपयुक्त भएन । पालिकाले प्रत्येक वडाबाट काममा लगाई विपन्न वर्गलाई परिश्रमिक वितरण सामाजिक न्यायको आधारमा गर्न ध्यान दिनु पर्दछ ।	
४४			**आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा अन्तिम लेखापरीक्षणसम्म कायम रहेको १**	
४४. १			**रद्द रसिद**: नगदी रसिदको दुरुपयोग हुन नदिन म.ले.प. फारम न.९०४ को ढाचामा रसिद नियन्त्रण खाता राख्नुपर्ने ब्यबस्था छ। पालिकाले यस वर्ष सफ्टवेयरबाट काटिएका ७६ थान नगदी तथा मालपोत रसिद विभिन्न कारण जनाई रद्द गरेको छ। यसरी रद्द गरीएको रसिद जिम्मेवार पदाधिकारी बाट प्रमाणित गरेको छैन।यस सम्बन्धमा पालिकाले वास्तविक रुपमा रद्द भए नभएको एकिन गरी जिम्मेवार पदाधिकारी बाट प्रमाणित गराउनु पर्दछ।	
४४. २			**कार्यक्रमको प्रमाण :** बिधालय तथ्यांक संकलन तथा प्रशोधन तथा प्रतिवेदन कार्य सम्पन्न गरेवापत शिक्षा अधिकृत हिरालाल रानालाई २५०००० भुक्तानी भएकोमा के कति बिधालयको तथ्यांक संकलन गरिएको हो सो नखुलेको सो संग संबन्धित प्रतिवेदन संग्लन नगरी खाजा खाना तथा भत्तामा मात्र रकम खर्च भएको देखिएकोले वास्तविक मा कार्यक्रम संचलान भएको आधार नदेखिएकोले प्रमाण पेश हुनपर्ने रु	२५०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४.३			**राजस्व असुली दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५८(४) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोहि दिन दाखिला गरी विवरणमा प्रविष्टि गर्नुपर्ने उल्लेख छ। साथै सोहि नियमवली अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी दाखिला गर्न लागाउने साथै १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सकिने ब्यबस्था छ। नगरपालिका अन्तर्गतका ११ वटा वडाले ऐनमा तोकिएको ब्यबस्था बमोजिम तोकिएको अवधि भित्र रकम दाखिला गरेको नदेखिएकोले यस सम्बन्धमा छानबिन गरी नियमअनुसार जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।	
४४.४			**घटी बैक जमानतमै सम्झौता**: यस पालिकाको नदिजन्य पदार्थ ठेक्का सम्बन्धमा श्री शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा संग गरेको सम्झौताको बुदा न. ४ मा कुल सम्झौता रकम को ५० प्रतिशत नगद र बाकि को बैक जमानत राखी सम्झौता गर्नुपर्ने उल्लेख भएकोमा कुल ठेक्का रकम १ करोड २० लाख ५१ हजार मध्येको ५० प्रतिशत रकम ६० लाख २५ हजार ५०० नगद नै र बाकि ६०,२५,५००|- को बैक जमानत राखी सम्झौता गर्नुपर्नेमा ५० लाख मात्र को बैक जमानत राखी संझौता गरेको देखिन्छ।यसरी घटी बैक जमनतमै सम्झौता गरेको उचित देखिएन।	
४४.५			**जिल्ला दररेट भन्दा बढी दरमा खरिद** ; पशु आहारा कार्यक्रम अन्तर्गत खरिद भएको जै घास तथा टियोसेन्टि घास खरिदमा जिल्ला दररेट भन्दा बढी दरमा खरिद भएको रकम असुल हुनुपर्ने रु	३३,५००

गो.भौ.न. मिति	खरिद परिमाण	जिल्ला दर	खरिद दर	बढी
३०६।	टियोसेन्टि घास (२५० केजी)	११०	२००	२२,५००
११०।	जै घास (५५० केजी)	१००	१२०	११,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा अन्तिम लेखापरीक्षणसम्म कायम रहेको २**	
४५.१			**योजना छनौट:** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागितामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ |नगरपालिकाले स्वीकृत गरी छनौट गरी संचालन गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएर रहेका छन |योजनाको संख्या धेरै हुदाँ पालिकाको जनशक्ति बर्षेभरि योजना ब्यबस्थापनमा लाग्नु पर्ने तथा प्राबिधिक कर्मचारीलाइ कार्य सम्पादनमा कठिनाई भई त्यसको गुणस्तरमा समेत प्रभाब पर्ने देखिन्छ |तसर्थ योजना छनौट गर्दा ध्यान दिनुजरुरी छ।	
४५.२			**कार्यक्रमको प्रमाण**: गो.भौ.न. २५६ कृषकहरुलाई कृषि यन्त्र उपकरण प्रयोग सम्बन्धि तालिम संचालन गरेवापत कृषि अधिकृत चन्देश्वर यादवलाइ रु. ४,९६,००० भुक्तानी भएकोमा तालिममा सहभागीहरु वडाबाट शिफारिस भै नआएको तालिम भएको स्थान नखुलेको तालिम सम्बन्धि फोटो तथा प्रशिक्षकले कक्षा लिएको प्रमाण समेत नरहेकोले वास्तविक रुपमा कार्यक्रम भएको भन्न सक्ने आधार नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु	४९६,०००
४५.३			**बैठक भत्ता** : नेपाल सरकार अर्थमन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा बाट प्रकाशित कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ मा खर्चको मापदण्ड सम्बन्धि निर्णय तथा बुदा न.७.१.१ मा बैठक भत्ताको मापदण्ड तोकेको छ| उक्त व्यवस्था बमोजिम बैठक भत्ता भुक्तानी लिनको लागि स्पष्ट कार्ययोजना र बिषयबस्तु हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नहुने, कानुन अनुसार गठन भएको समितिले मात्र बैठक भत्ता पाउने र आमन्त्रितलाइ बैठक भत्ता दिन नमिल्ने, यस सम्बन्धमा निम्नानुसार देखिएको छ |	

गो.भौ./मिति	बैठकको बिषय	बैठक संख्या	उपस्थिति	खर्च रकम	कैफियत
२३९	NCB-31-2078/79(15 BEDHOSPITAL को आर्थिक तथा प्राविधिक मुल्यांकन बैठक	१०			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	NCB-66-2078/79(15 BEDED HOSPITAL को आर्थिक तथा प्राविधिक मुल्यांकन बैठक	१५	बिभिन्न कर्मचारी		
	ठेक्का मुल्यांकन बैठक	३		३,२३,८५०|	
३५५	पशु चिकित्सक नियुक्ति तथा छनोटको बैठक	११	बिभिन्न कर्मचारी	८२,५००	
१३५/संघिय सशर्त	खाधान्न बालीमा मुल्य अनुदान बैठक	नखुलेको	६ जना	२०००का दरले १२,०००	बैठक बसेको दिन सोको निर्णय तथा सो संग सम्बन्धित माईन्युट नरहेको
१३५	आँप पकेट निर्माण सम्बन्धि बैठक	नखुलेको	५ जना	२००० को दरले १०,०००	,,

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			साथै प्रत्येक मुल्यांकन समितिका सदस्य बाहेक ८ जनासम्म आमन्त्रित राखी भत्ता प्रदान गर्ने गरेको देखियो ।साथै बैठक बसेको दिनको खाजा खर्च गो.भौ.न. २७१ बाट भुक्तानी गरेको देखिन्छ ।मुल्यांकन गर्ने काम नगरपालिकको नियमित काम भएको तथा मुल्यांकन समितिका सदस्य बाहेक आमन्त्रितलाई भत्ता प्रदान गर्न नमिल्ने तथा बैठक भत्ता सम्बन्धि कानुनी ब्यबस्था नभएकोले आगामी दिनमा यस्ता खर्चमा सुधार गर्नुपर्ने देखिएको छ ।	
४५.४			**नर्म्स भन्दा बढी दरमा भुक्तानी**: वातावरणमैत्री जीवन पद्दति सम्बन्धि जनचेतना कार्यक्रम संचालन गरेवापत होप फाउन्डेसन प्रा.ली लाइ रु. १,३२,४८० भुक्तानी भएकोमा निम्नअनुसार देखिएको ।प्रदेश खर्च मापदण्ड बमोजिम सहजकर्ता पारिश्रमिक प्रतिदिन १५०० का दरले दिन मिल्नेमा प्रतिदिन ३५०० का दरले भुक्तानी भएकोमा बढी भुक्तानी रकममा १५ प्रतिशत कर कट्टा गरि बाकि रकम असुल हुनुपर्ने रु	२०,६००

सहजकर्ताको नाम	हाजिरी दिन	दिइएको भत्ता	नर्म्स अनुसार पाउने भत्ता	असुल रकम
सुनिल कुमार साह	२	७०००	३०००	३४००
पार्वती सुब्बा	२	७०००	३०००	३४००
एलिना चौधरी	२	७०००	३०००	३४००
संजय चौधरी	२	७०००	३०००	३४००
सुन्दर पासवान	0	७०००	०	७०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.			**पालिका भित्रको यातायात खर्च** : गो.भौं.न. १४५ बाट साक्षरता कार्यक्रम संचालन गरेवापत शिक्षा प्रमुख हिरालाल रानालाइ	१६२,३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			भुक्तानी गरिएको रु. ९३५२९९|२३ मा साक्षरता कक्षा अनुगमन गरेवापत ११ वटै वडाका विभिन्न कर्मचारी र पदाधिकारी लाई यातायात खर्च वापत रु. १,६२,३०० भुक्तानी खर्च लेखेको देखिन्छ | ४६ पटक सम्म अनुगमन गरेको देखाई अनुगमन प्रतिवेदन सग्लन नगरी तथा पदाधिकारी हरुलाई मासिक रुपमा सेवा सुबिधा वापत यातायात खर्च कार्यालयबाट भुक्तानी भएको तथा कर्मचारी हरुलाई मासिक रुपमा इन्धन दिईदै आएकोमा यातायात खर्चभुक्तानी हुनु मनासिब देखिएनतसर्थ उक्त रकम कुन पदाधिकारीको कति एकिन गरी असुल हुनुपर्ने	
४६	६७		**प्रमाणः** गो.भौ .न. ६७ बाट मुद्दा लडेवापत कानुनी परामर्श तथा सेवाको लागि अधिवक्ता महेन्द्र प्रसाद चौधरीलाइ रु. १,७५,००० भुक्तानी दिएकोमा सेवा शुल्क निर्धारण, छनौटको आधार, सम्झौता र सेवाका शर्तहरु पेश नभएकोले पेश हुनुपर्ने रु	१७५,०००
४७			अनुगमन तथा सम्परीक्षण बेरुजू लगत एवं फर्छ्यौटः आथिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ४०(४) मा कार्यालयमा फछयौट भएको बेरुजु लगत कट्टाको लागि महालेखा परीक्षकमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले गत विगतको गत विगतको बेरुजु अवधिक गरेको छैन साथै लेखापरीक्षणको अवधिमा संपरीक्षणको लागि पेश समेत भएन । वेरुजु अद्यावधिक गरी समयमा फछर्यौट गरी संपरीक्षण गराउनु पर्दछ ।	